# राजस्व सुधार कार्ययोजना

## (Revenue Improvement Action Plan-RIAP)




## अन्तिम प्रतिवेदन

(आ.व. २०८२/८३ - २०८५/८६)


## बागमती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही, मधेश प्रदेश, नेपाल

# विषयसूची


**परिच्छेद एकः परिचय ....................................................................... १**

१.१ पृष्ठभूमि ............................................................................. १

१.२ अध्ययनको औचित्य ..................................................................... २

१.३ अध्ययनको उद्देश्य ...................................................................... २

१.४ अध्ययनको विधि तथा प्रक्रिया ............................................................ ३

१.५ अध्ययनको सीमा ........................................................................ ५

१.६ कार्ययोजनाको ढाँचा .................................................................... ५

**परिच्छेद दुईः राजस्व परिचालन सम्बन्धी नगरपालिकाको विद्यमान अवस्था ................ ६**

२.१ नगरपालिकाको परिचय .................................................................. ६

२.२ नगरपालिकाको मानव संसाधनको अवस्था ............................................... ८

२.३ नगरपालिकाको राजस्व परामर्श समितिको नामावली .................................... १२

२.३ नगरपालिकाको सम्पत्ति विवरण ........................................................ १३

२.४ आर्थिक अवस्था ......................................................................... १४

**परिच्छेद तीनः नगरपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता .................. १८**

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था ........... १८

३.२ आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था ........................ २७

३.३ आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था र सम्भावना विश्लेषण.. २९

**परिच्छेद चारः आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था .................. ४६**

४.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण ........................................ ४६

४.२ राजस्व सुधारका लागि गर्नुपर्ने कार्यको पहिचान ......................................... ४६

४.३ आय सङ्कलनको संस्थागत क्षमता ....................................................... ४७

४.४ आन्तरिक राजस्व संरचनाको अवस्था ................................................... ४९

४.५ आन्तरिक राजस्व संरचनाको अवस्था ................................................... ५३

४.६ राजस्व परिचालनमा रहेका सवालहरू ................................................... ५३

**परिच्छेद पाँचः राजस्व सुधार कार्ययोजना ................................................ ५६**

५.१ राजस्व सुधारका क्षेत्रहरू ................................................................ ५६

५.२ राजस्व सुधार कार्ययोजना तर्जुमा ........................................................ ५७

५.३ बजेट अनुमान ........................................................................... ५९

**परिच्छेद छः आगामी तीन वर्षको आय प्रक्षेपण ........................................... ६०**

६.१ राजस्व प्रक्षेपणका विधिहरू ............................................................. ६०

६.२ राजस्व सङ्कलनमा पर्ने असरको प्रारम्भिक आकलन ..................................... ६१

६.३ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ................................. ६२

६.४ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण ........................................ ६६
**परिच्छेद सातः अपेक्षित नतिजा ........................................ ६९**
७.१ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण सारांश ........................................ ६९
७.२ आय प्रक्षेपणको तुलनात्मक विश्लेषण ........................................ ६९
७.३ नतिजा तालिका ........................................ ७०
**परिच्छेद आठः कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ........................................ ७२**
८.१ राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन ........................................ ७२
८.२ स्रोत व्यवस्थापन ........................................ ७२
८.३ कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन ........................................ ७२
**अनुसूचीहरू ........................................ ७५**
अनुसूची १: सन्दर्भ सामग्रीहरू ........................................ ७५
अनुसूची २: तथ्याङ्क र सूचना सङ्कलनका लागि प्रयोग गरिएको सूची तथा फारम ........................................ ७७
अनुसूची ३: निर्माणमुखी सामग्रीको व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० ........................................ ८२
अनुसूची ४: राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस(२०८१) ........................................ ८४
अनुसूची ५: सवारी साधन कर बाँडफाँट सिफारिस(आ.व.२०८२/८३-०८६/८७ सम्मका लागि) ........................................ ८५
अनुसूची ६: अनुदान वितरण सम्बन्धी आधार र ढाँचा ........................................ ८६
अनुसूची ७: सूचना तथा तथ्याङ्क सङ्कलनका क्रममा खिचिएका केही झलकहरू ........................................ ८८
अनुसूची ८: मस्यौदा प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रमका सहभागीहरूको उपस्थिति ........................................ ८९
अनुसूची ९: मस्यौदा प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रमका केही झलकहरू ........................................ ९१

## तालिकाहरूको सूची

तालिका नं. १: नगरपालिकाको भूउपयोग सम्बन्धी विवरण ........................................ ७
तालिका नं. २: नगरपालिकाको जनसङ्ख्या तथा घरधुरी सम्बन्धी विवरण ........................................ ७
तालिका नं. ३: नगरपालिकामा कार्यरत जनशक्ति सम्बन्धी विवरण ........................................ ८
तालिका नं. ४: राजस्व परामर्श समितिको नामावली ........................................ १२
तालिका नं. ५: नगरपालिकामा रहेका निर्माण तथा सवारी साधन सम्बन्धी विवरण ........................................ १३
तालिका नं. ६: नगरपालिकामा रहेका सहकारी संस्थाहरूको विवरण ........................................ १४
तालिका नं. ७: नगरपालिकामा रहेका व्यापारिक केन्द्रहरूको विवरण ........................................ १६
तालिका नं. ८: नगरपालिकामा रहेका हाटबजारहरूको विवरण ........................................ १७
तालिका नं. ९: प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट(प्रतिशतमा) ........................................ २४
तालिका नं. १०: स्थानीय र प्रदेश तह बिचको राजस्व बाँडफाँट(प्रतिशतमा) ........................................ २५
तालिका नं. ११: मूल्य अभिवृद्धि कर, अन्तःशुल्कको बाँडफाँट(प्रतिशतमा) ........................................ २६
तालिका नं. १२: कर तथा ऋण सम्बन्धी थप व्यवस्था ........................................ २७
तालिका नं. १३: आन्तरिक आय सङ्कलनको विद्यमान अवस्था विवरण ........................................ २८

तालिका नं. १४: सम्पत्ति कर सम्बन्धी सम्भाव्यता विश्लेषण ........ ३०
तालिका नं. १५: मालपोत सम्बन्धी सम्भाव्यता विश्लेषण ........ ३१
तालिका नं. १६: घरबहाल कर सम्बन्धी सम्भाव्यता विश्लेषण ........ ३३
तालिका नं. १७: विज्ञापन कर सम्बन्धी सम्भाव्यता विश्लेषण ........ ३६
तालिका नं. १८: साना सवारी साधन कर सम्बन्धी सम्भाव्यता विश्लेषण ........ ३७
तालिका नं. १९: बहाल बिटौरी शुल्क सम्बन्धी विवरण ........ ३८
तालिका नं. २०: नक्सा पास दस्तुरको सम्भाव्यता विश्लेषण ........ ४०
तालिका नं. २१: व्यवसाय रजिस्ट्रेसन दस्तुरको सम्भाव्यता विश्लेषण ........ ४१
तालिका नं. २२: सरकारी सम्पत्तिको बहालबाट प्राप्त आयको सम्भाव्यता विश्लेषण ........ ४२
तालिका नं. २३: सिफारिस तथा प्रमाणित दस्तुरको सम्भाव्यता विश्लेषण ........ ४३
तालिका नं. २४: विगतको तीन आ.व.को यथार्थ र चालु आ.व.को अनुमान र प्राप्तिको अवस्था(रु.०००) ........ ५०
तालिका नं. २५: कुल राजस्वमा शीर्षकगत योगदान (रु. हजारमा) ........ ५३
तालिका नं. २६: राजस्व सुधार कार्ययोजना ........ ५७
तालिका नं. २७: आगामी आ.व.हरूका लागि राजस्व प्रक्षेपणका आधारहरू (रु. हजारमा) ........ ६२
तालिका नं. २८: आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण (रु. हजारमा) ........ ६६
तालिका नं. २९: आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण सारांश (रु. हजारमा) ........ ६९
तालिका नं. ३०: नतिजा तालिका ........ ७०

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानअनुसार नेपालको राज्य संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहमा विभाजित गरिएको छ, जसअन्तर्गत स्थानीय तहलाई संविधान र कानुनले विशिष्ट अधिकार तथा जिम्मेवारी प्रदान गरेको छ। संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार र अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारहरूको व्यवस्था गरिएको छ। यसअन्तर्गत स्थानीय तहलाई विभिन्न कर तथा गैर-करहरू लगाई असुल उपर गर्न सक्ने अधिकार सुनिश्चित गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ देखि ६८ सम्म स्थानीय तहलाई कार्य जिम्मेवारी तथा स्रोत परिचालन गर्न सक्ने अधिकार दिएको छ भने अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सङ्घ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँटका अतिरिक्त आफैं कर तथा शुल्क सङ्कलन गर्न सक्ने व्यवस्था गरेको छ। नेपाल सरकारको पूर्व स्वीकृति र सहमति लिएर स्थानीय तहले वैदेशिक अनुदान वा सहयोग लिन सक्ने र त्यस्तो सहयोगमा योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सक्ने प्रावधान गरिएको छ। साथै, वित्त आयोगको सिफारिसमा सीमित मात्रामा आन्तरिक ऋण लिन सक्ने व्यवस्था पनि छ। संविधानको धारा ५९ को उपधारा (१) मा सङ्घ, प्रदेश र स्थानीय तहलाई आ-आफ्नो आर्थिक अधिकार प्रयोग गरी कानुन, योजना, नीति तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने र वार्षिक बजेट बनाउने अधिकार दिइएको छ। सोही धाराको उपधारा (२) अनुसार साझा अधिकारअन्तर्गत सङ्घीय सरकारले निर्माण गर्ने नीति, मापदण्ड तथा कानुन स्थानीय तहमा पनि लागु हुने व्यवस्था गरिएको छ। धारा ५९ को उपधारा (७) मा सङ्घीय कानुनले बजेट तथा सार्वजनिक वित्तीय अनुशासनका सम्बन्धमा मार्गदर्शन गर्ने उल्लेख गरिएको छ।

संविधानको धारा ६० अन्तर्गत स्थानीय तहलाई आर्थिक स्रोत परिचालनको थप अधिकार दिइएको छ। धारा ६० को उपधारा (१) अनुसार स्थानीय तहले कर लगाउन र राजस्व सङ्कलन गर्न सक्ने व्यवस्था गरिएको छ। धारा ६० को उपधारा (२) मा सङ्घीय सरकारले सङ्कलन गरेको राजस्वको सङ्घ, प्रदेश र स्थानीय तहबिच न्यायोचित रूपमा बाँडफाँट गरिने व्यवस्था गरिएको छ। धारा ६० को उपधारा (३) अनुसार प्रदेश वा स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस अनुसार हुने व्यवस्था गरिएको छ। त्यसै गरी, उपधारा (४) र (५) मा खर्चको आवश्यकता र राजस्व आर्जन गर्ने क्षमताका आधारमा वित्तीय समानीकरण अनुदान तथा बाँडफाँट हुने, उपधारा (६) मा सङ्घीय सञ्चित कोषबाट सशर्त, समपूरक तथा विशेष अनुदानको व्यवस्था, उपधारा (७) मा राजस्व बाँडफाँट पारदर्शी हुने र उपधारा (८) मा बाँडफाँट सम्बन्धी सङ्घीय कानुनले राष्ट्रिय नीति र आवश्यकतालाई ध्यानमा राख्नुपर्ने व्यवस्था गरिएको छ। संविधानको धारा २४१ को उपधारा (१) मा महालेखापरीक्षकको कार्यालयलाई सङ्घ, प्रदेश र स्थानीय तहको खर्च विवरण त्यसै गरी गर्ने अधिकार दिइएको छ। साथै, संविधानको धारा २३२ मा सङ्घ, प्रदेश र स्थानीय तहबिचको सम्बन्ध सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने उल्लेख गरिएको छ। यसरी, संविधानले स्थानीय तहलाई आर्थिक, प्रशासनिक र कार्यगत रूपमा सक्षम बनाउँदै सङ्घीय प्रणालीभित्र सशक्त रूपमा स्थापित गरेको छ।

यी संवैधानिक र कानुनी प्रावधानअनुसार स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र व्यवस्थित एवं न्यायोचित ढङ्गले राजस्व प्रशासनलाई पूर्ण रूपमा परिचालन गरी राजस्व सङ्कलन गरी आय बजेट तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने व्यवस्था रहेको छ। यसका लागि स्थानीय तहको राजस्व अधिकारका सम्भावित क्षेत्रहरूको खोजी गरी परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानुनी र व्यवस्थापकीय सुधारका उपायहरूको पहिचान गरी कार्यान्वयनमा ल्याउनुपर्ने हुन्छ।

यसै सन्दर्भमा सर्लाही जिल्लाको बागमती नगरपालिकाले इन्टिग्रेटेड स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि काठमाडौंको प्राविधिक सहयोगमा नगरपालिका नगरप्रमुख, उपप्रमुखसहित निर्वाचित पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा तथा आर्थिक प्रशासन शाखाका कर्मचारीहरूलाई राजस्व परिचालनका क्षेत्रहरूमा आधारभूत अभिमुखीकरण गरी सहभागितात्मक विधिबाट राजस्वका नयाँ क्षेत्रहरूको पहिचान तथा उपयोग गरिरहेका राजस्वका क्षेत्रहरूको दायरा अभिवृद्धि गरी आगामी तीन वर्षका लागि आय प्रक्षेपणसहितको यो राजस्व सुधार कार्ययोजना, २०८२ तयार पारिएको हो।

## १.२ अध्ययनको औचित्य

संविधान र सङ्घीय सरकारका विभिन्न कानुनहरूमा स्थानीय तहको वित्तीय अधिकार सम्बन्धी प्रावधानहरूको व्यवस्था गरिएका छन्। यस योजनाले स्थानीय सरकार सञ्चालन ऐनको दफा ६६ को उपदफा (६) मा राखिएको कानुनी प्रावधानअनुसार नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिलाई आगामी तीन वर्षको आयको प्रक्षेपण गर्नुपर्ने कानुनी व्यवस्थालाई सहयोग पुर्‍याउँदछ। यस कार्ययोजनाले नेपाल सरकार र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा स्थानीय तहहरूलाई उपलब्ध गराउने विभिन्न प्रकारका अनुदान सम्बन्धी मापदण्ड र आधारहरू तयार गर्न तथा राजस्वका क्षेत्र र दायरा विस्तार गरी आन्तरिक आय वृद्धि गर्ने दिशामा राजस्व सुधार कार्ययोजनाले सहयोग गर्दछ। यस योजनाले नगरपालिकाको आवधिक योजना तथा मध्यमकालिन खर्च संरचना तर्जुमा गर्दा तीन वर्षमा खर्च गरिने क्षेत्र, कार्यक्रम, आयोजना र क्रियाकलापहरूमा प्रति एकाइ लागतसहितको खर्चको प्रक्षेपण गर्न, खर्च गरिने क्षेत्रहरूको प्राथमिकीकरण गर्न तथा तीन वर्षका लागि आन्तरिक आय प्रक्षेपण गर्न सहयोग पुर्‍याउने छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा १८ बमोजिम स्थानीय तहलाई आन्तरिक आयको अनुमान गरी अर्थ मन्त्रालयमा पेस गर्न सहयोग पुर्‍याउँदछ। यो दस्ताबेज स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (Local Government Institutional Self-Assessment-LISA) मा नम्बर प्राप्त गरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्राप्त गर्ने अनुदान रकम बढाउन सहयोग पुर्‍याउँदछ।

## १.३ अध्ययनको उद्देश्य

| सोंच |
|---|
| आन्तरिक आन्तरिक राजस्व वृद्धिको सम्भाव्यता विश्लेषणसहित राजस्व सुधार कार्ययोजना तयार पार्ने । |

| लक्ष्य |
|---|
| नगरपालिकाको सम्भावित राजस्व स्रोतहरू पहिचान गरी तिनीहरूको प्रभावकारी परिचालनका लागि आवश्यक क्रियाकलापहरू निर्धारण हुने । |

## उद्देश्यहरू

राजस्व राजस्व सुधार कार्ययोजनाको मूलभूत उद्देश्य यस नगरपालिकाको आन्तरिक आयका सम्भावनाहरूको पहिचान गरी ती सम्भावनाहरूको परिचालनमा देखिएका समस्याहरूको न्यूनीकरण गर्न कार्ययोजना तयार पारी सो कार्ययोजनाका आधारमा आगामी ३ आ.व.को आय प्रक्षेपण गर्न योगदान पुऱ्याउनु हो। यस कार्ययोजनाको विशिष्ट उद्देश्यहरू देहायबमोजिम रहेका छन्।

१) स्थानीय तहको आर्थिक अधिकार र राजस्व सुधार कार्ययोजना सम्बन्धमा नगरकार्यपालिका पदाधिकारी, शाखा प्रमुख, राजस्व प्रशासनमा संलग्न कर्मचारी, उद्योग वाणिज्य सङ्घका प्रतिनिधि तथा राजस्व परामर्श समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण कार्यक्रममार्फत जानकारी गराउने।

२) नगरपालिकाको विगत तीन आर्थिक वर्षको आन्तरिक आयको शीर्षकगत सङ्कलन स्थिति र प्रवृत्तिको विश्लेषण गर्दै, राजस्व प्रशासनमा सुधार ल्याउन आवश्यक नीतिगत, संस्थागत व्यवस्था, विलिङ्ग प्रणाली र आन्तरिक नियन्त्रण प्रणालीको समीक्षा गर्ने।

३) पहिचान गरिएका कुल राजस्व सम्भावना र सुधार कार्ययोजनाको आधारमा आगामी तीन आर्थिक वर्षका लागि यथार्थपरक राजस्व प्रक्षेपण तयार गर्ने।

४) नगरपालिकाको विद्यमान आर्थिक ऐनको पुनरावलोकन गरी राजस्व परामर्श समितिलाई राजस्व परिचालनसँग सम्बन्धित नीतिगत सुझाव, कर तथा शुल्कको दर निर्धारणमा सघाउने ।

## १.४ अध्ययनको विधि तथा प्रक्रिया

यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्न विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन गरी आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलनका लागि सम्बन्धित फाराम तथा चेक लिस्ट तयार गरिएको छ। सङ्कलित सूचना तथा तथ्याङ्कको विश्लेषण, अभिमुखीकरण कार्यक्रम, कार्यशाला गोष्ठी सञ्चालन तथा मस्यौदा प्रतिवेदन प्रस्तुतिकरणजस्ता गतिविधिहरू राजस्व सुधार कार्ययोजना दिग्दर्शन, २०७६ मा निर्दिष्ट विधि तथा प्रक्रियाहरूको पालना गर्दै तपसिलमा उल्लेखित चरणहरू अनुसार सम्पन्न गरिएको छ।

### १.४.१ तयारी तथा समन्वय

प्रथम चरणमा यस नगरपालिकासँग समन्वय गरी राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि छलफल गरिएको थियो। छलफलको क्रममा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने मिति तथा समय निर्धारण गर्दै, राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी प्रक्रियाबारे विस्तृत रूपमा छलफल सम्पन्न गरियो ।

### १.४.२ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन

यस कार्ययोजना तर्जुमाका लागि नगरपालिकाको वेबसाइटमा प्रकाशित दस्तावेजहरू सहित विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू सङ्कलन गरी पुनरावलोकन गरिएको थियो। यस क्रममा अध्ययन र पुनरावलोकन गरिएका मुख्य सामग्रीहरू अनुसूची (१) मा प्रस्तुत गरिएको छ।

### १.४.३ तथ्याङ्क/सूचना सङ्कलन चेकलिष्ट निर्माण

सन्दर्भ सामग्रीको अध्ययन र विश्लेषणपछि कार्ययोजना तर्जुमाका लागि आवश्यक पर्ने तथ्याङ्क तथा सूचना सङ्कलन गर्न चेकलिस्ट तयार गरिएको थियो। यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमामा तथ्याङ्क सङ्कलनका लागि प्रयोग गरिएको चेकलिस्ट अनुसूची-२ मा प्रस्तुत गरिएको छ।

### १.४.४ तथ्याङ्क/सूचना सङ्कलन

यस नगरपालिकाको राजस्व शाखा तथा अन्य शाखाहरूबाट अध्ययन टोलीका सदस्यहरूद्वारा विभिन्न शाखाहरू, सरोकारवाला पक्षहरू, स्थलगत भ्रमण तथा अवलोकनबाट आवश्यक सूचनाहरू सङ्कलन गरिएको थियो। सङ्कलन गरिएको सूचना तथा तथ्याङ्कबाट राजस्व परिचालनको विद्यमान अवस्था, उपलब्ध सूचनाको आधारमा राजस्वको शीर्षकगत सम्भाव्यता विश्लेषण, राजस्व परिचालनमा देखिएका समस्या र ती समस्याको समाधानका लागि गर्नुपर्ने कार्यहरूको पहिचान गरी राजस्व प्रक्षेपणको प्रारम्भिक दस्तावेज तयार गरियो। यस प्रक्रियामा तपसिल बमोजिमका स्रोतबाट तथ्याङ्क एवं सूचनाहरू सङ्कलन गरिएको थियो:

१) नगरपालिकाको वस्तुस्थिति विवरण

२) वार्षिक नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम पुस्तिका

३) विगत तीन आ.व.को यथार्थ आय विवरण र चालु आ.व.को अनुमानित आय विवरण तथा आर्थिक ऐन

४) स्थानीय तहको राजस्व सम्बन्धी कार्यविधि तथा कानुनहरू

५) नदीजन्य पदार्थ बिक्रीका लागि तयार पारिएको प्रारम्भिक वातावरणीय प्रतिवेदन

६) व्यवस्थापन करारमार्फत राजस्व सङ्कलनका लागि गरिएका सम्झौताहरू

७) आन्तरिक आय सङ्कलनको सम्भावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना

### १.४.५ अभिमुखीकरण तथा मस्यौदा प्रतिवेदन प्रस्तुती कार्यक्रम

राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६ मा दिइएको विषयवस्तुको आधारमा यस नगरपालिकाको प्रमुख, उपप्रमुख, कार्यपालिकाका सदस्यहरू, राजस्व परामर्श समितिका पदाधिकारीहरू, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिका पदाधिकारीहरू, शाखा प्रमुखहरू, राजस्व सङ्कलनमा संलग्न कर्मचारीहरू, राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यदलका सदस्यहरू तथा करदाताका प्रतिनिधिहरूलाई २०८२ मंसिर ११ गते १ दिनको अभिमुखीकरण तथा मस्यौदा प्रतिवेदन कार्यक्रम सञ्चालन गरियो।यस कार्यक्रममा तथ्याङ्कको विश्लेषणसहितको आन्तरिक आयको प्रक्षेपण प्रस्तुती गरिएको थियो।

### १.४.७ राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यदलको गठन

राजस्व सुधार कार्ययोजना तयारीलाई प्रभावकारी रूपमा अगाडि बढाउनका लागि राजस्व सुधार कार्ययोजना तर्जुमासम्बन्धी दिग्दर्शन २०७६ को दफा ७ मा उल्लेखित प्रावधानअनुसार, पदाधिकारी तथा कर्मचारीहरू समेत गरी ५ देखि ७ सदस्यसम्मको कार्यदल गठन गर्न सकिने व्यवस्था रहेको छ।यसैअनुसार, यस नगरपालिकाले राजस्व परामर्श समितिलाई नै कार्यदलको जिम्मेवारी प्रदान गरेको थियो।उक्त कार्यदलले राजस्व सुधार कार्ययोजना तर्जुमा गर्दा अपनाइएका प्रक्रिया, प्रतिवेदनका विषयवस्तु तथा गुणस्तर सुनिश्चित गरी आवश्यक सुझावहरू सङ्कलन गरेको थियो।

### १.४.८ राजस्व सुधार कार्ययोजना अन्तिम दस्ताबेज तयारी

नगरपालिकाका पदाधिकारीहरू, राजस्व परामर्श समितिका पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत तथा राजस्व सम्बन्धित कर्मचारीहरूको उपस्थितिमा मस्यौदा प्रतिवेदन प्रस्तुतिकरण गरी प्राप्त सुझावहरू समावेश गरी प्रतिवेदनलाई अन्तिम रूप दिइएको थियो।

## १.५ अध्ययनको सीमा

यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना निम्नानुसारका सीमामा रही तयार गरिएको छः

१) नगरपालिकाको प्रमुख आय स्रोतको रूपमा रहेको सम्पत्ति करको अनुमानका लागि साबिक मालपोत कार्यालयमा नगरपालिका क्षेत्रभित्रको घर जग्गाको लगत उपलब्ध नभएकाले राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनमा उल्लेखित घरको जगको आधारमा गरिएको वर्गीकरण तथा सङ्ख्याको आधारमा सम्पत्ति करको अनुमान गरिएको छ।

२) घर बहाल कर सम्बन्धी यकिन तथ्याङ्क उपलब्ध नभएको हुँदा, राष्ट्रिय जनगणना २०७८ मा उल्लेखित घर सङ्ख्या र व्यापार व्यवसायीहरूको सङ्ख्या, बैंक तथा वित्तीय संस्थाहरूको सङ्ख्याको आधारमा भाडामा लगाउने घरपरिवार सङ्ख्या अनुमान गरिएको छ।

३) यकिन तथ्याङ्क उपलब्ध नभएका राजस्व शीर्षकको विश्लेषण नगर कार्यपालिकाको अभिलेख, दस्तावेज, पदाधिकारी तथा कर्मचारी र अन्य सरोकारवालासँग गरिएको छलफल तथा कार्यशालाबाट प्राप्त सूचनाको आधारमा गरिएको छ।

४) नगरपालिकाको वस्तुस्थिति विवरणमा राजस्वसँग सम्बन्धित तथ्याङ्कको अभाव हुँदा, सरोकारवालाहरूले अनुमानमा दिएको तथ्याङ्कलाई नै आधार मानिएको छ।

## १.६ कार्ययोजनाको ढाँचा

यस अध्ययनलाई ८ वटा परिच्छेदमा विभाजन गरिएको छ।परिच्छेद १ मा अध्ययनको पृष्ठभूमि, औचित्य, उद्देश्य, अध्ययन विधि तथा प्रक्रिया, सीमा र प्रतिवेदनको ढाँचासमेत समेटिएको छ।परिच्छेद २ मा राजस्व परिचालन सम्बन्धी नगरपालिकाको विद्यमान अवस्थाको विश्लेषण र परिच्छेद ३ मा नगरपालिकाको राजस्व अधिकार तथा आय सम्भावनाको विश्लेषण गरिएको छ।परिच्छेद ४ मा आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था र परिच्छेद ५ मा राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ।यसै गरी परिच्छेद ६ मा आगामी तीन वर्षको आय प्रक्षेपण र परिच्छेद ७ मा अपेक्षित नतिजा र परिच्छेद ८ मा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको बारेमा चर्चा गरिएको छ।

# परिच्छेद दुईः राजस्व परिचालन सम्बन्धी नगरपालिकाको विद्यमान अवस्था

यस परिच्छेदमा नगरपालिकाको राजस्व परिचालनसँग सम्बन्धित आन्तरिक र बाह्य पक्षहरूको विश्लेषण गरिएको छ। विशेष गरी नगरपालिकाको परिचय, आन्तरिक आय परिचालनको वर्तमान अवस्था तथा मुख्य चुनौतीहरू संक्षेपमा व्याख्या गरिएको छ। यसले नगरपालिकाको आय सङ्कलनमा सुधार ल्याउन आवश्यक संस्थागत क्षमता अभिवृद्धिका लागि गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुऱ्याउनेछ।

## २.१ नगरपालिकाको परिचय

बागमती नगरपालिका मधेश प्रदेश अन्तर्गत सर्लाही जिल्लाका २० स्थानीय तह मध्येको एक हो। नेपालको सङ्घीय शासन प्रणाली अन्र्तगत राज्य पुर्नसंरचनामा स्थानीय तहको नयाँ सिमाङ्कन गर्दा यो नगरपालिका साबिकका ढुङग्रेखोला, कमैंया, शंकरपुर र राजघाटका वडाहरूलाई समायोजन गरी स्थापना भएको हो। यसको सिमानामा पूर्वमा हरिवन नगरपालिका/हरिपुर नगरपालिका, पश्चिममा रौतहट जिल्ला, उत्तरमा सिन्धुली जिल्ला र दक्षिणमा बरहथवा नगरपालिका पर्दछन्। सर्लाही जिल्लाको पश्चिममा रहेको बागमती नदीको नामबाट यस नगरपालिकाको नाम रहन गएको हो।

### २.१.१ राजनीतिक तथा प्रशासनिक अवस्थिति

नेपाल सरकारले २०७१ साल बैशाख २५ गतेको मन्त्रिपरिषद् निर्णयका आधारमा गठन गरिएको आयोगले सिफारिस गरेअनुसार २०७३ सालमा गठन गरिएको थियो। सोही पुनःसंरचनाको क्रममा सर्लाही जिल्लाका साविक ढुङग्रेखोला, कमैंया, राजघाट र शंकरपुरका विभिन्न वडाहरू समायोजन गरी यो नगरपालिका स्थापना गरिएको हो। यस नगरपालिकाको पूर्वमा हरिवन नगरपालिका/हरिपुर नगरपालिका, पश्चिममा रौतहट जिल्ला, उत्तरमा सिन्धुली जिल्ला र दक्षिणमा बरहथवा नगरपालिकासँग सिमाना जोडिएको छ। यो नगरपालिका प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं ३ अन्तर्गत पर्ने प्रदेश सभा निर्वाचन क्षेत्र नं ३(२) मा पर्दछ।

### २.१.२ भौगोलिक अवस्थिति

समुन्द्र सतह देखि ६० मिटर देखि ६०० मिटर सम्मको उचाईमा रहेको यो नगरपालिकाको कुल क्षेत्रफल १०२ वर्ग कि.मी. रहेको छ। भौगोलिक रुपमा ८५.४५° देखि ८५.४५° पूर्वी देशान्तर र २७.११° देखि २७.११° उत्तरी अक्षांश सम्म फैलिएको यस नगरपालिकाको पूर्वमा हरिवन नगरपालिका/हरिपुर नगरपालिका, पश्चिममा रौतहट जिल्ला, उत्तरमा सिन्धुली जिल्ला र दक्षिणमा बरहथवा नगरपालिकासँग सिमाना जोडिएको छ। १२ वटा वडाहरूमा विभाजित यो नगरपालिकाको उत्तरतर्फ चुरे क्षेत्र र दक्षिणतर्फ क्रमश केही होचो भू-भाग रहेको छ।

### २.१.३ ऐतिहासिक चिनारी र नामाकरण

बागमती नगरपालिकाको नामाकरणको मूल आधार यस क्षेत्रमा पश्चिमतर्फ बहने बागमती नदी हो। यस नदीको भौगोलिक निकटताको कारण नगरपालिकाको नाम नदीकै नामबाट राखिएको हो। यस नदीमा निर्मित बागमती सिंचाइ तथा मानव निर्मित भरत तालले यस नगरपालिकाको समृद्धिमा निकै ठूलो टेवा पुऱ्याएको छ।

### २.१.४ क्षेत्रफल, भूबनौट तथा भूउपयोग

यो भू-उपयोग सम्बन्धी विवरणको अध्ययनले नगरपालिका स्पष्ट रूपमा कृषि-प्रधान रहेको देखाउँछ। यस नगरपालिकाको कुल क्षेत्रफलको ७१.५१% कृषि क्षेत्रले ओगटेको छ। वन क्षेत्रले करिब १८.५९% भाग ओगटेको छ। बस्ती तथा आवास क्षेत्र ५.६३% मात्र भएकाले जनसङ्ख्या वृद्धि र पूर्वाधार विस्तारसँगै सुनियोजित सहरीकरण अपरिहार्य देखिन्छ। बालुवा क्षेत्र २.८३% र नदी-पोखरी क्षेत्र १.४४% मात्र भएकाले जलस्रोत सीमित छन्। समग्रमा, नगरपालिकाको भूमि उपयोग संरचना ग्रामीण र कृषि-केन्द्रित छ।

तालिका नं. १: नगरपालिकाको भूउपयोग सम्बन्धी विवरण

| क्र.सं. | भू-उपयोगका क्षेत्र | क्षेत्रफल (वर्ग कि.मि.) | क्षेत्रफल (%) |
|---|---|---|---|
| १ | नदी तथा पोखरी क्षेत्र | १.४७ | १.४४ |
| २ | वन क्षेत्र | १८.९६ | १८.५९ |
| ३ | कृषि क्षेत्र | ७२.९५ | ७१.५१ |
| ४ | बस्ती तथा आवास क्षेत्र | ५.७४ | ५.६३ |
| ५ | बालुवा क्षेत्र | २.८९ | २.८३ |
| जम्मा | | १०२.०१ | १००.०० |

*स्रोतः भूउपयोग योजना*

### २.१.५ जनसङ्ख्या तथा घरपरिवार सङ्ख्या

यस नगरपालिकाभित्र १२ वटै वडामा जनसङ्ख्या र घरधुरी वितरण विश्लेषण गर्दा वडा नं. १,४ र ५ मा जनसङ्ख्या र घरधुरी दुवै धेरै भएका वडा पर्दछन्। औसत परिवार आकार ४.३७ र लैङ्गिक अनुपात कुल मिलाएर ९५.५३ छ। वि.सं. २०६८ को जनसङ्ख्यासँग तुलना गर्दा यस नगरपालिकाको जनसङ्ख्या १.४७ प्रतिशतले बढ्दै आएको छ। यस सम्बन्धी थप विवरण तलको तालिकामा दिइएको छ।

तालिका नं. २: नगरपालिकाको जनसङ्ख्या तथा घरधुरी सम्बन्धी विवरण

| वडा नं. | घरधुरी सङ्ख्या | जनसङ्ख्या | | | औसत परिवार सङ्ख्या | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | | |
| १ | ११४२ | २२६९ | २४६५ | ४७३४ | ४.१५ | ९२.०५ |
| २ | ७२८ | १४७४ | १६०३ | ३०७७ | ४.२३ | ९१.९५ |
| ३ | ९१० | २०५५ | २१७६ | ४२३१ | ४.६५ | ९४.४४ |
| ४ | १६४२ | ३२५९ | ३४१५ | ६६७४ | ४.०६ | ९५.४३ |
| ५ | १२५२ | २५५७ | २६१५ | ५१७२ | ४.१३ | ९७.७८ |
| ६ | ५९४ | १२६३ | १३९५ | २६५८ | ४.४७ | ९०.५४ |
| ७ | ७९३ | १८५८ | १९६५ | ३८२३ | ४.८२ | ९४.५५ |
| ८ | ७६७ | १७४४ | १७९८ | ३५४२ | ४.६२ | ९७.०० |
| ९ | ६४३ | १५५९ | १६३२ | ३१९१ | ४.९६ | ९५.५३ |
| १० | ७९० | १८४७ | १९०० | ३७४७ | ४.७४ | ९७.२१ |
| ११ | ६१४ | १२४७ | १२४९ | २४९६ | ४.०७ | ९९.८४ |
| १२ | ८९३ | १८८३ | १८७८ | ३७६१ | ४.२१ | १००.२७ |
| जम्मा | १०७६८ | २३०१५ | २४०९१ | ४७१०६ | ४.३७ | ९५.५३ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

### २.१.६ नदीनाला सम्बन्धी विवरण

यस नगरपालिकाभित्रका जलस्रोतहरूका बीच बागमती नदी मुख्य स्रोतका रूपमा रहेको छ। यस बाहेक गोडारी खोला, मुडबेला खोला, नाइका खोला, सोती खोला, साथै नौलाखे ड्याम र नौलाखे मुनिको ड्याम जस्ता महत्वपूर्ण जलस्रोतहरू पनि अवस्थित छन्। यी नदी तथा खोलाहरू नगरपालिकाको प्राकृतिक सम्पदाका लागि मात्र नभई स्थानीय बजेट तथा आर्थिक क्रियाकलापमा योगदान पुऱ्याउने सम्भावनासहितका स्रोतहरू पनि हुन्। विशेषगरी बागमती नदीबाट ढुङ्गा, गिट्टी, बालुवा जस्ता निर्माण सामाग्रीको सुरक्षित तथा दिगो उत्खनन र नियमित व्यवस्थापनको आधारमा बिक्री वितरण गर्न सकिने सम्भावना उच्च छ। हाल यस नदीमा बातावरणीय प्रभाव मुल्याङ्कन गरी दिगो रुपमा मात्रा निर्धारण गरि नदीजन्य पदार्थको बिक्री गर्ने प्रक्रिया अघि बढेको छ।

### २.१.७ ताल, पोखरी सम्बन्धी विवरण

यस नगरपालिकाको वडा नं ४ र १२ नम्बर वडामा पर्ने बागमती नदी किनारमा अवस्थित मानव निर्मित भरत ताल अवस्थित छ। यस तालमा माछापालन डुङ्गा सयर, स्काइ साइक्लिङ्ग, घोडचढी, उँट सयर जस्ता गतिविधि सञ्चालनमा आएका छन्। यसबाट नगरपालिकाले आय आर्जन गर्दै आएको छ भने तालबाट पर्यावरणमा समेत सकारात्मक असर पार्दै आएको छ।

## २.२ नगरपालिकाको मानव संसाधनको अवस्था

यस नगरपालिकामा स्वीकृत दरबन्दी बमोजिमका सम्पूर्ण जनशक्ति पदपूर्ति भएको अवस्था छैन। नगरपालिकाले स्थायी तथा करार सेवाका कर्मचारीबाट सेवा प्रवाह गर्दै आएको छ। नगरपालिका तथा मातहतका कार्यालयमा कार्यरत जनशक्ति सम्बन्धी विवरण सङ्गठन व्यवस्थापन प्रतिवेदन अनुसार तलको तालिकामा दिइएको छ।

तालिका नं. ३: नगरपालिकामा कार्यरत जनशक्ति सम्बन्धी विवरण

| कायम गरिएका दरबन्दी | | | | | | समुह | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| शाखाहरू | पद नाम | सेवा | समूह | तह | जम्मा | प्रा. | अप्रा. | |
| प्रशासन, उद्योग तथा सहकारी शाखा | प्रमुख प्रशासकीय अधिकृत | प्रशासन | सा. प्रशासन | | १ | | १ | नेपाल सरकारको निर्णय बमोजिम |
| | सहायक पाँचौं | प्रशासन | सा. प्रशासन | ५ | १ | | १ | |
| | कम्प्युटर अपरेटर सहायक चौथो/पाँचौं | प्रशासन | विविध | ४/५ | १ | १ | | |
| | कार्यालय सहयोगी | श्रेणी विहिन | | | २ | | | |
| | भान्से | श्रेणी विहिन | | | १ | | | |
| | हलुका सवारी चालक | श्रेणी विहिन | | | ३ | | | |
| | स्वीपर | श्रेणी विहिन | | | १ | | | |

| कायम गरिएका दरबन्दी | | | | | | समुह | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| शाखाहरू | पद नाम | सेवा | समूह | तह | जम्मा | प्रा. | अप्रा. | |
| | सुरक्षा गार्ड | श्रेणी विहिन | | | २ | | | |
| आर्थिक प्रशासन शाखा | लेखा अधिकृत सातौं/आठौं | प्रशासन | लेखा | ७/८ | १ | | १ | |
| | सहायक चौथो/पाँचौं/छैठौं | प्रशासन | लेखा | ४/५/६ | १ | | १ | |
| राजस्व, दर्ता, चलानी तथा सोधपुछ शाखा | सहायक चौथो/पाँचौं | प्रशासन | सा. प्रशासन | ४/५ | १ | | | |
| खरिद तथा आन्तरिक व्यवस्थापन शाखा | सहायक चौथो/पाँचौं | प्रशासन | सा. प्रशासन | ४/५ | १ | | १ | |
| सूचना प्रविधि तथा तथ्याङ्क शाखा | कम्प्युटर इन्जिनियर छैठौं/सातौं/आठौं | प्राविधिक | विविध | ६/७/८ | १ | १ | | |
| भूमि प्रशासन शाखा | सहायक चौथो/पाँचौं | प्राविधिक | प्राविधिक | ४/५ | १ | १ | | |
| नगर प्रहरी इकाई | नगर प्रहरी इन्चार्ज | प्रशासन | | | १ | | १ | |
| | नगर प्रहरी हवल्दार | प्रशासन | | | १ | | १ | |
| | नगर प्रहरी जवान | | श्रेणी विहिन | | ४ | | ४ | |
| योजना अनुगमन तथा पूर्वाधार विकास शाखा | सिभिल इन्जिनियर छैठौं/सातौं/आठौं | इन्जिनियरिङ | सिभिल | ६/७/८ | १ | १ | | |
| | सव इन्जिनियर चौथो/पाँचौं | इन्जिनियरिङ | सिभिल | ४/५ | ४ | ४ | | |
| | सुपरभाइजर | इलेक्ट्रिकल प्लम्बिङ | इलेक्ट्रिकल | | १ | १ | | |
| भवन अनुमती तथा नियमन शाखा | सहायक चौथो/पाँचौं | प्र.प्रा | प्र.प्रा | ४/५ | १ | १ | | |
| | अमिन | प्र.प्रा | प्र.प्रा | ४/५ | १ | १ | | |
| वातावरण तथा विपद् व्यवस्थापन शाखा | सहायक चौथो/पाँचौं | प्रशासन | सा. प्रशासन | ४/५ | १ | | १ | |
| | हेभि सवारी चालक | | श्रेणी विहिन | | १ | १ | | |
| शिक्षा, युवा तथा खेलकुद शाखा | अधिकृत छैठौं/सातौं/आठौं | शि. प्रशासन | शिक्षा | ६/७/८ | १ | | १ | |
| | सहायक पाँचौं/छैठौं | शि. प्रशासन | शिक्षा | ५/६ | १ | | १ | |

| कायम गरिएका दरबन्दी | | | | | | समुह | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| शाखाहरू | पद नाम | सेवा | समूह | तह | जम्मा | प्रा. | अप्रा. | |
| जनस्वास्थ्य प्रवर्द्धन शाखा | जनस्वास्थ्य अधिकृत छैठौं/सातौ/आठौं | स्वास्थ्य | जनस्वास्थ्य | ६/७/८ | १ | १ | | |
| | हे. इ. पाँचौं/छैठौं | स्वास्थ्य | | ५/६ | १ | १ | | |
| | प. हे. न. पाँचौं/छैठौं | स्वास्थ्य | नर्सिङ | ५/६ | १ | १ | | |
| महिला तथा समावेसी शाखा | महिला विकास निरिक्षक सहायक पाँचौं/छैठौं | प्रशासन | सा. प्रशासन | ५/६ | १ | | १ | |
| सामाजिक सुरक्षा तता पंञ्जिकरण शाखा | सहायक चौथो/पाँचौं | प्रशासन | सा. प्रशासन | ४/५ | १ | | १ | |
| कृषि विकास शाका | कृषि विकास अधिकृत छैठौं/सातौं/आठौं | प्राविधिक | कृषि | ६/७/८ | १ | १ | | |
| | प्रा.स. कृषि | प्राविधिक | कृषि | ४/५ | ३ | ३ | | |
| | कार्यालय सहयोगी | श्रेणी विहिन | | | १ | १ | | |
| पशुपन्छी विकास शाखा | पशु-चिकित्सक छैठौं/सातौं/आठौं | प्राविधिक | पशु चिकित्सक | ६/७/८ | १ | १ | | |
| | पशु-अधिकृत छैठौं/सातौं/आठौं | प्राविधिक | पशु सेवा | ६/७/८ | १ | १ | | |
| | पशु प्राविधिक पाँचौं/ छैठौं | प्रा.स. | पशु सेवा | ५/६ | ३ | ३ | | |
| | पशु प्राविधिक चौथो/पाँचौं | प्रा.स. | पशु सेवा | ४/५ | २ | २ | | |
| | कार्यालय सहयोगी | श्रेणी विहिन | | | २ | | २ | |
| आन्तरिक लेखा परिक्षण शाखा | आलेप सहायक चौथो/पाँचौ | प्रशासन | लेखा | ४/५ | १ | | १ | |
| वडा कार्यालय | वडा सचिव सहायक स्तर चौथो/ पाँचौ | प्रशासन | सा. प्रशासन | ४/५ | १ | | १ | |
| | सहायक चौथो/ पाँचौ कम्प्युटर अपरेटर/लेखा/ सा.प्र. | प्राविधिक | विविध | ४/५ | १ | | १ | |
| | कार्यालय सहयोगी | | श्रेणी विहिन | | १ | | १ | |

| कायम गरिएका दरबन्दी | | | | | | समुह | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| शाखाहरू | पद नाम | सेवा | समूह | तह | जम्मा | प्रा. | अप्रा. | |
| बागमती अस्पताल | मे.सु नवौं/दशौं | प्राविधिक | अधिकृत | ९/१० | १ | १ | | |
| | मेडिकल अधिकृत आठौं | प्राविधिक | अधिकृत | ८ | ३ | ३ | | |
| | नर्सिङकर्मचारी पाँचौ/छैठौं | प्राविधिक | अधिकृत | ५/६ | ३ | ३ | | |
| | नर्सिङकर्मचारी चौथो/पाँचौ | प्राविधिक | सहायक | ४/५ | २ | २ | | |
| | हे.अ.पाँचौ/छैठौं | प्राविधिक | सहायक | ५/६ | ४ | ४ | | |
| | ल्याब टेक्निसियन चौथो/पाँचौ | प्राविधिक | सहायक | ४/५ | २ | २ | | |
| | रेडियोग्राफर चौथो/पाँचौ | प्राविधिक | सहायक | ४/५ | १ | १ | | |
| | फार्मेसी चौथो/पाँचौ | प्राविधिक | सहायक | ४/५ | २ | २ | | |
| | एनेस्थेसिया पाँचौ | प्राविधिक | सहायक | ५ | १ | १ | | |
| | नायब सुब्बा पाँचौ | प्रशासन | सहायक | ५ | १ | | १ | |
| | सह लेखापाल चौथो | लेखा | सहायक | ४ | १ | | १ | |
| | सरसफाईकर्मी | श्रेणी विहिन | | | २ | | २ | |
| | सुरक्षा गार्ड | श्रेणी विहिन | | | २ | | २ | |
| | कार्यालय सहयोगी | श्रेणी विहिन | | | ३ | | ३ | |
| | एम्बुलेन्स चालक | श्रेणी विहिन | | | १ | | १ | |
| स्वास्थ्य चौकी | हे.इ. जनस्वास्थ्य निरिक्षक पाँचौ/छैठौं/सातौं | प्राविधिक | अधिकृत | ५/६/७ | १ | १ | | |
| | हे.इ. पाँचौ/छैठौं | प्राविधिक | अधिकृत | ५/६ | २ | २ | | |
| | क.न., ज.न. पाँचौ/छैठौं | प्राविधिक | सहायक | ५/६ | २ | २ | | |
| | का.स. | श्रेणी विहिन | | | १ | | १ | |
| आधारभूत स्वास्थ्य सेवा केन्द्र | हे.इ पाँचौ/छैठौं | प्राविधिक | सहायक | ५/६ | १ | १ | | |
| | क.न.ज.ब. चौथो/पाँचौ | प्राविधिक | सहायक | ४/५ | १ | १ | | |
| | हे.इ चौथो/पाँचौ | प्राविधिक | सहायक | ४/५ | १ | १ | | |
| | का.स. | श्रेणी विहिन | | | १ | | १ | |

*स्रोतः बागमती नगरपालिकाको सङ्गठन संरचना प्रतिवेदन २०८२*

## २.३ नगरपालिकाको राजस्व परामर्श समितिको नामावली

यस नगरपालिकाको राजस्व परिचालनका लागि नीतिगत सुझाव तथा अनुगमनका लागि उपप्रमुखको संयोजकत्वमा ५ सदस्यीय राजस्व परामर्श समितिको गठन भै कार्यरत रहेको छ। यस समितिलाई नै राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि कार्यदलको जिम्मेवारी दिइएको छ।

तालिका नं. ४: राजस्व परामर्श समितिको नामावली

| क.सं. | नाम | समिति/जिम्मेवारी |
|---|---|---|
| १ | श्री रुपा बोम्जन नगर उपप्रमुख | संयोजक |
| २ | श्री प्रतीत भण्डारी प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | श्री गीता थापा मगर कार्यपालिका सदस्य | सदस्य |
| ४ | श्री टेक बहादुर बल कार्यपालिका सदस्य | सदस्य |
| ५ | श्री सास्था ढुङ्गेल शाखा प्रमुख | सदस्य सचिव |

*स्रोत: बागमती नगरपालिकाको कार्यालय २०८२*

### २.३.१ सङ्गठन संरचना (महाशाखा, शाखा, उपशाखा र इकाइ)

यस नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भे अनुसार राजस्व प्रशासननलाई  राजस्व दर्ता चलानी तथा सोधपूछ शाखा गठन गरी व्यवस्थापन गरिदै आएको छ। राजस्व सङ्कलनको लागि नगरपालिकामा सहायक चौथो/पाँचौं (१) दरबन्दी सृजना गरिएको छ।

### २.३.२ राजस्व शाखामा कार्यरत कर्मचारीहरूको विवरण

राजस्व प्रशासनका लागि राजस्व शाखाको गठन गरी सो शाखा अन्तर्गत राजस्व सङ्कलन हुँदै आएको छ। राजस्व शाखामा एकजना चौथो तहमा कार्यरत कर्मचारीबाट राजस्व सङ्कलन सम्बन्धी कार्य हुँदै आएको छ।

### २.३.३ राजस्व प्रशासन तथा परिचालनको व्यवस्था

#### क) राजस्व परिचालन सम्बन्धी स्थानीय नीति तथा कानुन

यस नगरपालिकाले राजस्व परिचालनसँग सम्बन्धित ऐन, निर्देशिका, कार्यविधि निर्माण गरेको छ। राजस्वसँग सम्बन्धित

१) बागमती नगरपालिका स्थानीय तहको आर्थिक ऐन २०८२

२) बागमती नगरपालिका स्थानीय तहको विनियोजन ऐन २०८२

३) बागमती नगरपालिका राजस्व सुधार निर्माण प्रारुप २०८१

४) बागमती नगरपालिका घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७६

५) बागमती नगरपालिका घरभाडा नियमावली , २०८०

६) बागमती नगरपालिका सहकारी ऐन २०७५

७) बागमती नगरपालिका ढुङ्गा गिट्टी वालुवा उत्खनन , सङ्कलन सम्बन्धी ऐन २०७६

८) बागमती नगरपालिका ढुङ्गा गिट्टी वालुवा उत्खनन , सङ्कलन तथा बिक्री वितरण सम्बन्धी कार्ययोजना २०७५

९) बागमती नगरपालिका घर बहाल कर कार्यविधि २०८१

१०) बागमती नगरपालिका फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

११) बागमती नगरपालिकाको एफ.एम. रेडियो व्यवस्थापन तथा सचालन कार्यविधि, २०८१

१२) बागमती नगरपालिका कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्थापन कार्यविधि, २०८१

१३) बागमती नगरपालिका विद्युत रिक्सा सञ्चालन , व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि,२०८१

१४) बागमती नगरपालिका व्यवसाय कर सम्बन्धी कार्यविधि,२०८१

१५) बागमती नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका,२०८१ ऐन, निर्देशिका तथा कार्यविधिहरू गरी १४ वटा निर्माण गरिएका छन्।

### ख) राजस्व परिचानका लागि आवश्यक देखिएका कार्यविधिहरू

१) सम्पत्ति कर तथा मालपोत सङ्कलन कार्यविधि

२) बहाल बिटौरी शुल्क सङ्कलन कार्यविधि

३) आन्तरिक आय सङ्कलन तथा आय(ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि

## २.३ नगरपालिकाको सम्पत्ति विवरण

### २.३.१ सवारी तथा निर्माण साधन (जीप, जेसिबी, ट्रिपर, ट्रयाक्टर आदि)

यस नगरपालिकामा रहेका सवारी तथा निर्माण सम्बन्धी सामान तथा र मोटरसाइकलहरू सम्बन्धी विवरण तलको तालिकामा दिइएको छ।यस नगरपालिकामा रहेका सवारी साधनहरूको उपयोग सम्बन्धी विवरण देहाय तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ५:** नगरपालिकामा रहेका निर्माण तथा सवारी साधन सम्बन्धी विवरण

| क.सं. | मेसिन औजार तथा अन्य उपकरण | एकाइ | सङ्ख्या | हालको उपयोग |
|---|---|---|---|---|
| १. | पिक अप भ्यान | सङ्ख्या | २ | कार्यालय प्रयोजन |
| २. | जीप | सङ्ख्या | १ | कार्यालय प्रयोजन |
| ३. | पानी ट्याङ्कर | सङ्ख्या | १ | पानी ढुवानी |
| ४. | मोटर साइकल | सङ्ख्या | १९ | कार्यालय प्रयोजन |
| ५. | स्कुटर | सङ्ख्या | ५ | कार्यालय प्रयोजन |
| ६. | साइकल | सङ्ख्या | ४ | कार्यालय प्रयोजन |

*स्रोतः बागमती नगरपालिकाको कार्यालय २०८२*

## २.४ आर्थिक अवस्था

### २.४.१ बैंक तथा वित्तीय संस्था

यस नगरपालिकामा कुमारी बैंक, एन.आई.सि एशिया बैंक, ४६ वटा सहकारी संस्था तथा अन्य विभिन्न वित्तीय तथा गैर-बैंकिङ वित्तीय संस्थाहरूमार्फत नियमित वित्तीय कारोबार सञ्चालन भइरहेको छ।

### २.४.२ सहकारी संस्थाको विवरण

यस नगरपालिकाको सहकारी संस्थाहरूको संरचनालाई हेर्दा अधिकांश सहकारीहरू कृषि-मुखी रहेका छन्, जसले स्थानीय अर्थतन्त्र मुख्यतः कृषि उत्पादन, डेरी तथा साना किसानको आधारमा चलेको स्पष्ट देखाउँछ। वडा ५, ६, ८ र विशेष रूपमा वडा १० मा धेरै सहकारी संस्थाहरू एकै ठाउँमा रहेकोले यी वडाहरू सहकारी गतिविधिको सक्रिय केन्द्रका रूपमा उभिएका छन्। बचत तथा ऋण सहकारीहरू वडा ३, ५ र ८ मा केन्द्रित हुँदा ती क्षेत्रहरूमा वित्तीय पहुँच र साना उद्यमशीलता अपेक्षाकृत बलियो छ भन्ने बुझिन्छ। समग्रमा, सहकारीहरूको वितरणले नगरपालिकामा कृषि, बचत-ऋण र सामुदायिक वित्तीय संरचना सन्तुलित रूपमा विकसित भएको देखिन्छ। सहकारी संस्थाहरू सम्बन्धी विवरण तलको तालिकामा दिइएको छ।

तालिका नं. ६: नगरपालिकामा रहेका सहकारी संस्थाहरूको विवरण

| क्र.सं. | नाम | वडा नं. |
|---|---|---|
| १. | सूर्योदय बचत तथा ऋण सहकारी संस्था लिमिटेट | ८ |
| २. | साना किसान कृषि सहकारी संस्था लिमिटेड | १२ |
| ३. | बागमती मकै उत्पादन तथा कृषि सहकारी संस्था | ७ |
| ४. | बागमती बचत तथा ऋण सहकारी संस्था | ११ |
| ५. | बागेश्वरी बचत तथा ऋण सहकारी संस्था | १२ |
| ६. | दिदी बहिनी सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था लिमिटेड | ९ |
| ७. | सामुदायिक ग्रामिण विद्युत सहकारी संस्था लिमिटेड | १० |
| ८. | साना किसान कृषि सहकारी संस्था | १० |
| ९. | जनज्योति दुग्ध उत्पादन साझा सहकारी संस्था लिमिटेड | ढुग्रेखोला |
| १०. | प्रगतिशील दुग्ध उत्पादक संस्था लिमिटेड | राजघाट |
| ११. | सोल्टी दुग्ध उत्पादक संस्था लिमिटेड | ०५ |
| १२. | जनकल्याण दुग्ध सहकारी संस्था लिमिटेड | ६ |
| १३. | दुग्ध उत्पादक सहकारी | १ |
| १४. | दुग्ध उत्पादक सहकारी | १ |

| क्र.सं. | नाम | वडा नं. |
|---|---|---|
| १५. | डाँफे दुग्ध उत्पादक सहकारी | ३ |
| १६. | सृजनशील दुग्ध उत्पादक | २ |
| १७. | राजघाट सामुदायिक ग्रामीण विद्युत सहकारी | ३ |
| १८. | सूर्योदय मौरीपालन कृषि सहकारी संस्था | ६ |
| १९. | भूगोल दुग्ध उत्पादन सहकारी | ७ |
| २०. | मिलन महिला बचत तथा ऋण सहकारी संस्था | ९ |
| २१. | संसरङ्गी बचत तथा ऋण सहकारी संस्था | ६ |
| २२. | ध्रुवतारा कृषि सहकारी संस्था लिमिटेड | २ |
| २३. | सुलभ ग्रामीण कृषि सहकारी | २ |
| २४. | अखण्डदीप बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ७ |
| २५. | कृषि सहकारी संस्था लिमिटेड | २ |
| २६. | श्री साना किसान कृषि सहकारी संस्था लिमिटेड | ६ |
| २७. | साना किसान सहकारी संस्था | ४ |
| २८. | श्री समग्र महिला बचत तथा ऋण सहकारी संस्था | ३ |
| २९. | श्री कृषि सहकारी संस्था लिमिटेड | ३ |
| ३०. | राजघाट महिला कृषि सहकारी संस्था लिमिटेड | ६ |
| ३१. | राजघाट सक्रिय कृषि सहकारी संस्था लिमिटेड | ५ |
| ३२. | पौरखी महिला जिविकोपार्जन कृषि सहकारी | ४ |
| ३३. | जनकशील जिवकोपार्जन महिला कृषि सहकारी | ६ |
| ३४. | श्री राम जानकी साना किसान कृषि सहकारी | ६ |
| ३५. | श्री बागमती साना किसान कृषि सहकारी संस्था लिमिटेड | ३ |
| ३६. | श्री नवोदय कृषक कल्याण दुग्ध उत्पादक | ७ |
| ३७. | ढुग्रेखोला सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था लिमिटेड | १ |
| ३८. | कृषि उत्पादन एवम् प्रशोधन कृषि सहकारी संस्था लिमिटेड | ८ |
| ३९. | श्री रणशेर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | २ |
| ४०. | श्री जय अम्बे कृषि सहकारी | ६ |
| ४१. | बागमती तरकारी उत्पादन कृषि | ७ |

| क्र.सं. | नाम | वडा नं. |
|---|---|---|
| ४२. | श्री बागमती आलु तथा तरुल उत्पादन कृषि सहकारी संस्था लिमिटेड | ७ |
| ४३. | श्री बागमती धान उत्पादन कृषि सहकारी संस्था लिमिटेड | ७ |
| ४४. | श्री कृयाशिल कृषि सहकारी संस्था लिमिटेड | ७ |
| ४५. | श्रमिक कृषक मकै उत्पादन कृषि सहकारी संस्था लिमिटेड | ५ |
| ४६. | श्री साना किसान बहुउद्देश्यीय कृषि सहकारी संस्था लिमिटेड | ५ |
| ४७. | प्रगतिशिल महिला बहुउद्देश्यीय कृषि सहकारी संस्था लिमिटेड | ५ |
| ४८. | बागमती उद्यमशील कृषक उद्धार कृषि सहकारी संस्था लिमिटेड | ११ |

*स्रोतः बागमती नगरपालिकाको कार्यालय २०८२*

### २.४.३ प्रमुख बजार क्षेत्रहरू

यस नगरपालिकामा रहेका प्रमुख बजारहरूमा धरहरा बजार, सोल्टी बजार, ऐश्वर्य नगर बजार, गोर्खाली चोक लगायतका क्षेत्रहरू पर्दछन्। त्यसै गरी अन्य व्यापारिक केन्द्रका रूपमा आदर्श चोक, रायमाझी चोक, नेवि चोक, मुरली चोकजस्ता स्थानहरू स्थानीय आवत-जावत र दैनिक उपभोग्य सामग्रीको व्यापारका लागि सक्रिय छन्। यस सम्बन्धी विस्तृत विवरण तलको तालिकामा दिइएको छ।

तालिका नं. ७: नगरपालिकामा रहेका व्यापारिक केन्द्रहरूको विवरण

| वडा नं. | मुख्य व्यापारिक क्षेत्रहरू |
|---|---|
| १ | आदर्श चोक, रायमाझी चोक |
| २ | धरहरा बजार |
| ३ | धरहरा बजार चोक, जिरायत स्कुल चोक, ब्रम्हथान टोल |
| ४ | जिरायत |
| ५ | खाल्टे, टेकाने बजार, रामपुर, मुरली चोक, स्कुल चोक |
| ६ | सितापुर खाल्टे |
| ७ | नेवि चोक, ऐलानी टोल, नवलपुर टोल |
| ८ | सोल्टी बजार |
| ११ | कर्मैया |
| १२ | ऐश्वर्य नगर बजार, गोर्खाली चोक बजार, बथनिया चोक बजार, पुतली चोक बजार |

*स्रोतः आवधिक योजना (२०८१/८२-२०८५/८६)*

### २.४.४ हाट बजारहरूको विवरण

यस नगरपालिकामा वडा नं.१ मा रहेको ऐश्वर्य नगर बजार, वडा ४ मा रहेको जिरायत हाट बजार र वडा ८ मा रहेको सोल्टी हाट बजार गरी ३ स्थानमा हाटबजार सञ्चालनमा आएका छन्।

तालिका नं. ८: नगरपालिकामा रहेका हाटबजारहरूको विवरण

| क.सं. | हाटबजार सम्बन्धी विवरण | ठेगाना |
|---|---|---|
| १ | ऐश्वर्य नगर बजार | वडा नं १२ |
| २ | जिरायत हाटबजार | वडा नं ४ |
| ३ | सोल्टी हाटबजार | वडा नं ८ |

*स्रोतः बागमती नगरपालिकाको कार्यालय २०८२*

### २.४.५ व्यापार व्यवसाय सम्बन्धी विवरण

यस नगरपालिकामा हाल दर्ता भएका ३९९ व्यापार-व्यवसायीहरूको अभिलेखलाई आधार मान्दा, दर्ता बाहिर रहेका तथा विभिन्न सूक्ष्म, घरेलु र सानातिना व्यवसायसमेत समेटेर नगर क्षेत्रमा करिब पाँच सयभन्दा बढी व्यापार-व्यवसायी क्रियाशील रहेको अनुमान गरिएको छ। त्यस्तै, कृषि तथा पशु व्यवसाय सम्बन्धी फर्महरूको सङ्ख्या नगरपालिकाको अभिलेख अनुसार ११४ वटा फर्म दर्ता भइ सञ्चालनमा रहेको देखिन्छ। यस बाहेक दर्ता नगरीकन सञ्चालनमा रहेका साना इकाइहरू समेत विचार गर्दा यसको वास्तविक सङ्ख्या अझै बढी हुने अनुमान गर्न सकिन्छ।

# परिच्छेद तीनः नगरपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा स्थानीय तहलाई प्राप्त राजस्व अधिकार र सो अधिकारको कार्यान्वयन, सम्भावना, समस्या तथा चुनौतीहरू र सुधार गर्नुपर्ने कार्यहरूको शीर्षकगत विश्लेषण गरिएको छ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

यस शीर्षकमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (परिमार्जित २०७५) तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ (परिमार्जित २०७५) मा व्यवस्था गरिएका स्थानीय सरकारको राजस्व अधिकार सम्बन्धी प्रावधानहरूको विश्लेषण गरिएको छ।

### ३.१.१ संवैधानिक व्यवस्था

#### क) स्थानीय तहको अधिकार सूची अनुसूची ८ र ९

संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार सूची को प्रावधानअनुसार स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छः

- सम्पत्ति कर
- भूमिकर (मालपोत)
- घर जग्गा बहाल कर
- घर जग्गा रजिस्ट्रेसन शुल्क
- पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- प्राकृतिक स्रोतको बिक्रीबाट प्राप्त आय
- सवारी साधन कर
- सेवा शुल्क, दस्तुर
- मनोरञ्जन कर
- दण्ड जरिबाना

त्यसै गरी संविधान २०७२ मा स्थानीय तहको राजस्व अधिकार सम्बन्धी निम्न धारामा थप प्रावधान देहायअनुसार रहेको छः

#### ख) धारा २२८ कर लगाउन वा ऋण लिन नपाइने

(१) कानुन बमोजिम बाहेक स्थानीय तहमा कुनै पनि किसिमको कर लगाउन, उठाउन र ऋण लगाउन पाइने छैन।

(२) स्थानीय तहको अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पुँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकुल नहुने गरी कानुन बनाई कर लगाउन सक्नेछ।

#### ग) संविधानको धारा २३५

संविधानको धारा २३५ मा सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय कायम गर्न सङ्घीय संसद्ले आवश्यक कानुन बनाउने उल्लेख छ। साथै, प्रदेश, गाउँपालिका वा नगरपालिकाबिच समन्वय कायम गर्न र कुनै राजनैतिक विवाद उत्पन्न भएमा प्रदेश सभाले सम्बन्धित गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग समन्वय गरी त्यस्तो विवादको समाधान गर्न सक्ने उल्लेख गरेको छ।

## ३) धारा २३६ अन्तर प्रदेश व्यापार

संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तार वा कुनै प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महसुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाईने छैन।

यस प्रावधानअनुसार एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वस्तुको ढुवानी गर्दा पटके कर सङ्कलन गर्न पाइने छैन।

## घ) संविधानको धारा २५१

संविधानको धारा २५१ को १ (झ) मा प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरू बिच उठ्न सक्ने सम्भावित विवादका विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने प्रावधान राखिएको छ। यस विषयमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आफ्नो भूमिका प्रभावकारी रूपमा निर्वाह गर्नुपर्ने अवस्था देखिन्छ।

## ३.१.२ स्थानीय सरकार सञ्चालन ऐन २०७४)

सङ्घीय कानुन (स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५४ देखि दफा ६३ सम्म स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन गर्ने अधिकार प्रदान गरिएको छः

## (क) नगरपालिकाको एकल अधिकारः

१) **सम्पत्ति करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधन २०७५) को दफा ५५ अनुसार स्थानीय तहले आफ्नो क्षेत्रभित्रको घर र जग्गामा सम्पत्ति कर लगाउन पाउने व्यवस्था गरेको छ। यसरी सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनुपर्ने व्यवस्था गरेको छ। **"घरले चर्चेको जग्गा"** भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गालाई बुझाउँछ। घर जग्गामा सम्पत्ति कर लगाउँदा घर जग्गाको मूल्याङ्कनका आधारहरू देहायबमोजिम हुनेछन्ः




(क) घर र घरजग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,

(ख) घर र घरजग्गाको चलनचल्तीको मूल्य र घरको ह्रास मूल्य,

(ग) घर र घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था

(घ) सम्पत्ति करको दर निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिक स्तर र कर तिर्न सक्ने क्षमताका आधारमा

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको घर घरजग्गामा सम्पत्ति कर लाग्ने छैनः

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घरजग्गा

(ख) सरकारी अस्पतालको घर र घरजग्गा,

(ग) गुठीको स्वामित्वमा रहेको घर र जग्गा

(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड, सरकारी संस्थानको घर घरजग्गा

(ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका सङ्घ, संस्थाको घर र घरजग्गा

(च) धार्मिक संस्था(मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र घरजग्गा

(छ) खानेपानी सङ्कलन पोखरी, विद्युत् गृह, मसानघाट, कब्रिस्थान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रङ्गशाला, उद्यान, पार्क, जस्ता सार्वजनिक उपयोगका स्थलहरू

(ज) राजदूतावास, वाणिज्य नियोग, कूटनैतिक नियोगका घर र घरजग्गा

२) **भूमिकर (मालपोत)** गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र दफा ५५ बमोजिम घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने व्यवस्था गरिएको छ। (दफा ५६)

३) **घर जग्गा बहाल करः** गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा त्यस्तो बहाल रकममा बहाल कर लगाउनेछ। (दफा ५७ )

४) **व्यवसाय करः** गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउनेछ। (दफा ५८)

५) **जडीबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, मरेका वा मारिएका जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकारको वस्तुको व्यावसायिक उपयोग गरे बापत जडीबुटी, कवाडी र जीवजन्तु कर लगाउनेछ। (दफा ६१)

## आ) शुल्क

१) **बहाल बिटौरी शुल्कः** गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाटबजार वा पसल वा सरकारी जग्गामा बनेका संरचना उपयोग बापत बहाल बिटौरी शुल्क लगाउनेछ। (दफा ५९) (यो शुल्क ऐलानी जग्गामा बसोबास गर्नेहरूसँग पनि उठाउन सकिनेछ।)

२) **पार्किङ शुल्कः** गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए बापत पार्किङ शुल्क लगाउने छ। (दफा ६०)

## इ) सेवा शुल्क (दफा ६२)

१) गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिप फ्लायर, ऱ्याफ्टिङ्ग, प्याराग्लाइडिङ् लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउनेछ।

२) गाउँपालिका वा नगरपालिकाले आफूले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाइ, ढल निकास, सडक बत्ती, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोबीघाट, सडक, बसपार्क, पुल आदि लगायत त्यस्तै प्रकारका अन्य सेवामा सेवा शुल्क लगाउनेछ।

३) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क

४) सिफारिस सम्बन्धी कुनै सेवा शुल्कः

स्थानीय तहले आफैले निर्माण, व्यवस्थापन वा सञ्चालन गरेका पर्यटकीय पूर्वाधारमा प्रवेश शुल्क लिन पाउँछ। तीन तहका सरकार बाहेक अन्य कुनै सरकारी निकाय, समिति वा आयोजनाबाट पर्यटन शुल्क लिन नपाइने व्यवस्था रहेको छ।

## ई) बिक्री गर्न सक्ने (दफा ६२ क)

१) केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा दफा (६२ क ) थप गरी गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय अध्ययन तथा परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न पाउने व्यवस्था गरेको छ।

२) आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदि बिक्री गर्न पाउनेछ।

## सामुदायिक वनबाट आय प्राप्त गर्ने (दफा ६२ ख)

१) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने व्यवस्था गरिएको छ।

**कोष्ठक नंः १ वन ऐन २०७६ दफा २२**

उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा ५० प्रति रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यम विकास कार्यमा खर्च गर्ने गर्ने र खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा प्रयोग गर्ने उल्लेख छ।

२) वन पैदावारको बिक्री बापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरिएको छ।

२०७६ आश्विन २७ गते प्रमाणीकरण गरिएको वन ऐन २०७६ ले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ मा भएको प्रावधानलाई प्रभावित पारेको व्यहोरा कोष्ठक नं १ मा दिइएको छ।

## ए) प्रचलित कानुन बमोजिम गर्ने सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क तथा दस्तुर

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर (स्थाससंऐ दफा ११ को घ को ७)
  - स्थानीय सहकारी संस्था
  - १०० वाट सम्मको एफएम रेडियो
  - घ वर्गको ठेक्का इजाजत
  - सामुदायिक, संस्थागत, गुठी, सहकारी विद्यालय
  - प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम
  - मातृ भाषामा शिक्षा दिने विद्यालय
  - ट्युसन, कोचिङ्
  - औषधि पसल
  - परिवार नियोजन तथा मातृ शिशु कल्याण सम्बन्धी सेवा
  - ढुङ्गा, गिट्टी, बालुवा, माटो र स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोग
  - स्थानीय स्तरका व्यापारिक फर्म
  - स्थानीय तहका पत्रपत्रिका
  - जनरल अस्पताल, नर्सिङ् होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था, क्लिनिक
  - स्थानीय स्तरका सङ्घ संस्था
  - इन्टरनेट, टेलि सेन्टर, केबुल तथा तार रहित टेलिभिजन
  - लघु घरेलु तथा साना उद्योग (कार्य जिम्मेवारी मापदण्ड, २०७६ मा प्रदेशको अधिकारमा रहेको)
  - नक्सा पास दस्तुर (स्थाससंऐ दफा ३३ को ४)
  - दण्ड जरिबाना (असविव्यऐ)

### ३.१.३ ढुङ्गा, गिट्टी, बालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७

नेपाल सरकारबाट जारी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्रीबाट सङ्कलित राजस्व मध्ये ६० प्रतिशत स्थानीय सञ्चित कोषमा र ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ। यो व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४

**कोष्ठक नंः २ बाझिएका कानुनी प्रावधानहरू**

१) स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ क मा विपरीत ढुङ्गा, गिट्टी, बालुवाको बिक्रीबाट प्राप्त रकम स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ।

२) ढुङ्गा, गिट्टी, बालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले स्थानीय र प्रदेशको बिचमा ६०:४० को अनुपातमा बाँडफाँट गर्ने उल्लेख छ।

३) निर्माणमुखी सामग्रीको व्यवस्थापन विधेयक २०८० पारित भइ आउँदा स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ क को व्यवस्था खारेज हुने अवस्था छ।

को दफा ६२ क मा गरिएको व्यवस्थाको विपरीत रहेको छ। जसले गर्दा ढुङ्गा, गिट्टी, बालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले प्रदेश र स्थानीय तहबिच विवाद उत्पन्न भएको छ। यसै गरी आ.व.२०७६/७७ मलेपको प्रतिवेदन अनुसार मापदण्ड र ऐनमा फरक प्रावधान भएकोले राजस्व बाँडफाँटमा थप अस्पष्टता सिर्जना गरेको व्यहोरा उल्लेख गरेको छ।

### ३.१.४ सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७

सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ को दफा ४ को उपदफा (१) मा सङ्घले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानुन वा नियम बनाउँदा प्रदेश तथा स्थानीय तहको एकल अधिकारको अतिक्रमण नगर्ने उल्लेख गरेको छ। त्यसै गरी उपदफा २ मा प्रदेशले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानुन वा नियम बनाउँदा सङ्घ वा स्थानीय तहको एकल अधिकारको अतिक्रमण नगर्ने, र कानुन वा नियम बनाउँदा सङ्घीय कानुनसँग नबाझिने गरी बनाउने उल्लेख गरेको छ। यसको आधारमा भन्नुपर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गरिएको व्यवस्था विपरीत ढुङ्गा, गिट्टी, बालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ विपरीत जारी भएको देखिन्छ। यस सम्बन्धी थप व्याख्या कोष्ठक २ मा गरिएको छ भने निर्माणमुखी सामग्रीको व्यवस्थापन विधेयक सम्बन्धी विस्तृत विवरण अनुसूची ३ मा दिइएको छ।

### ३.१.५ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

१) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ ले राजस्वको बाँडफाँट गर्दा लिइने आधार तोकेको छ। जसअनुसार आयोगले नेपाल सरकार, प्रदेश तथा स्थानीय तहबिच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा तल दिइएको छ।

क. जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण

ख. क्षेत्रफल

ग. मानव विकास सूचकाङ्क

घ. खर्चको आवश्यकता

ङ. राजस्व सङ्कलनमा गरेको प्रयास

च. पूर्वाधार विकास र

छ. विशेष अवस्था ।

२) आयोगले राजस्व बाँडफाँट सम्बन्धमा निर्धारण गरेको विस्तृत आधार र ढाँचा पाँच (५) वर्षको लागि मान्य हुने र आयोगले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने व्यवस्था उक्त ऐनको दफा १५ को उपदफा (२) मा गरेको छ।

३) तर सोही ऐनको दफा १५ को उपदफा (३) र (४) ले यस आयोगले निर्धारण गरेको विस्तृत आधार र ढाँचा विशेष कारणवश पाँच वर्ष अगावै पुनरावलोकन गर्न आवश्यक देखेमा नेपाल सरकारले आयोगलाई अनुरोध गर्न सक्ने र नेपाल सरकारले गरेको अनुरोध आयोगलाई मनासिब लागेमा

उल्लिखित आधार र ढाँचामा पुनरावलोकन गरी नेपाल सरकारमा सिफारिस गर्न सक्नेछ। तर यसरी आयोगबाट पहिलो पटक निर्धारण भएको विस्तृत आधार र ढाँचा ५ वर्षमा एक पटक भन्दा बढी पटक पुनरावलोकन हुनसक्ने देखिँदैन।

### ३.१.६ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसार स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन तथा प्राप्त गर्ने अधिकार प्रदान गरिएको छ।

#### क) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट (दफा ७)

नेपाल सरकार, प्रदेश र स्थानीय सरकारबिच प्राकृतिक स्रोतबाट प्राप्त हुँने रोयल्टीको बाँडफाँटका लागि नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस प्रकारको रोयल्टीबाट प्राप्त हुँने रकम सो कोषमा जम्मा गर्नेछ। प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत उपलब्ध गराइने छ। प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी तपसिलमा उल्लेख गरिएका छन्:

**कोष्ठक नं: ३ वित्त आयोगको सिफारिस**

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आ.व.२०८२/८३ देखि २०८६/८७ सम्मका लागि गरेको सिफारिस गरेको छ। तर नेपाल सरकारले साबिककै सिफारिसको आधारमा वितरण गर्दै आएको छ।

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो/पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी

**तालिका नं. ९:** प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट(प्रतिशतमा)

| राजस्वका शीर्षकहरू | अधिकारको प्रयोग | | राजश्व बाँडफाँट (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|
| | दर निर्धारण | सङ्कलन तथा प्रशासन | सङ्घ | प्रदेश | स्थानीय | जम्मा |
| पर्वतारोहण | सङ्घ | सङ्घ | ५० | २५ | २५ | १०० |
| विद्युत् | सङ्घ | सङ्घ | ५० | २५ | २५ | १०० |
| वन | सङ्घ | सङ्घ | ५० | २५ | २५ | १०० |
| खानी तथा खनिज | सङ्घ | सङ्घ | ५० | २५ | २५ | १०० |
| पानी तथा अन्य प्राकृतिक | सङ्घ | सङ्घ | ५० | २५ | २५ | १०० |

*स्रोत: अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, अनुसूची ४ दफा ७ को उपदफा (२) बाट विश्लेषित*

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले बाँडफाँटको लागि गरेको स आ.व.२०८२/८३ देखि २०८६/८७ सम्मका लागि गरिएको सिफारिस अनुसूची ४ मा दिइएको छ। नेपाल सरकारले साबिककै सिफारिसको आधारमा वितरण गर्दै आएको छ।

## ख) राजस्व बाँडफाँट

### १) प्रदेश सरकारबाट गरिने बाँडफाँट (दफा ५)

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को परिच्छेद २, दफा ५ मा आर्थिक ऐन २०७५ द्वारा संशोधितमा एकल कर प्रशासन शीर्षकमा तपसिल बमोजिमको व्यवस्था गरिएको छ।

अ) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटो रिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर नगरपालिकाले लगाउने र उठाउने

आ) घरजग्गा रजिस्ट्रेसन शुल्कको दर प्रदेशले लगाउने र नगरपालिकाले उठाउने ।

इ) मनोरञ्जन करको दर प्रदेशले लगाउने र नगरपालिकाले उठाउने

ई) विज्ञापन करको दर नगरपालिकाले लगाउने र उठाउने

१) (अ) बमोजिम प्रदेशले लगाएको र उठाएको सवारी साधन करबाट उठेको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिनेछ। तर टाँगा रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने छ। यो कर प्रदेश सरकारसँग बाँडफाँट गर्नु पर्दैन ।

२) (आ), (इ) र (ई) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाको सञ्चित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

तालिका नं. १०: स्थानीय र प्रदेश तह बिचको राजस्व बाँडफाँट(प्रतिशतमा)

| राजस्वका शीर्षकहरू | अधिकारको प्रयोग | | राजश्व बाँडफाँट (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|
| | दर निर्धारण | सङ्कलन तथा प्रशासन | सङ्घ | प्रदेश | स्थानीय | जम्मा |
| घरजग्गा रजिस्ट्रेसन शुल्क | प्रदेश | स्थानीय | ० | ४० | ६० | १०० |
| सवारी साधन कर | प्रदेश | प्रदेश | ० | ६० | ४० | १०० |
| मनोरञ्जन कर | प्रदेश | स्थानीय | ० | ४० | ६० | १०० |
| विज्ञापन कर | स्थानीय | स्थानीय | ० | ४० | ६० | १०० |

*स्रोत: अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बाट विश्लेषित*

प्रदेश सरकारले सङ्कलन गरेको सवारी साधन करबाट प्राप्त रकमको ४० प्रतिशत रकम पनि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा सम्बन्धित स्थानीय तहहरू बिच बाँडफाँट हुने व्यवस्था छ। सवारी साधन कर बाँडफाँटका आधारहरू अनुसूची ५ मा दिइएको छ। यसका अतिरिक्त स्थानीय तहबाट सङ्कलन भएको घरजग्गा रजिस्ट्रेसन शुल्क, मनोरञ्जन कर, विज्ञापन करको ४० प्रतिशत रकम सम्बन्धित प्रदेशलाई पठाउनु पर्ने व्यवस्था छ।

## २)    नेपाल सरकारबाट गरिने राजस्व बाँडफाँट

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकम मध्येबाट उठेको रकमलाई सङ्घीय विभाज्य कोष खडा गरी त्यस कोषमा जम्मा गर्नेछ। सो रकमको ७० प्रतिशत सङ्घीय सञ्चित कोषमा, १५ प्रतिशत प्रदेश विभाज्य कोषमा र १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा गरिनेछ। प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा जम्मा गरिएको रकम संविधान र यस ऐनको अधीनमा रही आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रत्येक प्रदेश र स्थानीय तहलाई बाँडफाँट गरिनेछ। यसरी बाँडफाँट गरिएको रकम प्रदेश सञ्चित कोष र प्रत्येक स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय कोषमा जम्मा हुने गरी मासिक रूपमा उपलब्ध गराइनेछ।

तालिका नं. ११: मूल्य अभिवृद्धि कर, अन्तःशुल्कको बाँडफाँट(प्रतिशतमा)

| राजस्वका शीर्षकहरू | अधिकारको प्रयोग | | राजश्व बाँडफाँट (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|
| | दर निर्धारण | सङ्कलन तथा प्रशासन | सङ्घ | प्रदेश | स्थानीय | जम्मा |
| मूल्य अभिवृद्धि कर | सङ्घ | सङ्घ | ७० | १५ | १५ | १०० |
| अन्त शुल्क | सङ्घ | सङ्घ | ७० | १५ | १५ | १०० |

*स्रोतःअन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, परिच्छेद ३ (६)बाट विश्लेषित*

## ३)   अनुदानको व्यवस्था (परिच्छेद ४)

सङ्घीय तथा प्रदेश सरकारबाट प्रदान गरिने वित्तीय समानीकरण अनुदान राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको सिफारिसको आधारमा स्थानीय तहहरू बिच बाँडफाँट हुने व्यवस्था छ। त्यसै गरी सङ्घीय तथा प्रदेश सरकारले आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्ने व्यवस्था छ। समपूरक तथा विशेष अनुदानका लागि स्थानीय तहहरूबाट प्राप्त हुने प्रस्ताव र अनुदान वितरण कार्यविधिको आधार सङ्घीय तथा प्रदेश सरकारले अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको अनुदान सम्बन्धी हालको व्यवस्था  अनुसूची ६.१ मा दिइएको छ।

क)  वित्तीय समानीकरण अनुदानः स्थानीय तहले खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा सङ्घ र प्रदेशबाट प्राप्त गर्नेछ। वित्तीय समानीकरण अनुदानको आ.व.२०८२/८३ - ०८६/८७ सम्मका लागि गरिएको सिफारिस अनुसूची ६.२ मा दिइएको छ।

ख)  सशर्त अनुदानः स्थानीय तहले कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा सङ्घ र प्रदेशबाट प्राप्त गर्नेछ। आ.व.२०८२/८३ को लागि आयोगबाट गरिएको सशर्त अनुदान सम्बन्धी सिफारिस अनुसूची ६.३ मा दिइएको छ।

ग) समपूरक अनुदानः स्थानीय तहले पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा सङ्घ र प्रदेशबाट प्राप्त गर्नेछ।(अन्तर सरकारी वित्त व्यवस्थापन ऐन दफा १०)

घ) विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाका लागि सङ्घ र प्रदेशबाट प्राप्त गर्नेछ।(अन्तर सरकारी वित्त व्यवस्थापन ऐन दफा ११)

## ४) वैदेशिक सहायता तथा आन्तरिक ऋण(परिच्छेद ५)

- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सीमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ।स्थानीय तहले कानुन बमोजिम बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्नअनुसारका थप व्यवस्थाहरू रहेका छन्।

तालिका नं. १२: कर तथा ऋण सम्बन्धी थप व्यवस्था

| स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गरिएको व्यवस्था | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ मा गरिएको व्यवस्था |
|---|---|
| १) कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामूहिक आवासको सार्वजनिक उपयोगको क्षेत्रमा कर नलाग्ने ।<br>२) सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने। | १) कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पुँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने।<br>२) गैर करको दर निर्धारण गर्दा वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मान्नु पर्ने ।<br>३) कर वा गैर कर राजस्वको प्रस्ताव तयार गर्दा वा भइरहेको कर वा गैर कर राजस्वमा परिवर्तन गर्नुपर्दा त्यसको आवश्यकता, औचित्य तथा तथा त्यसबाट पार्ने प्रभावसमेत उल्लेख गर्नुपर्ने।<br>४) राजस्व प्रस्ताव तयार गर्दा त्यस्तै विषयमा नेपाल सरकार, अन्य प्रदेश वा स्थानीय तहले लगाएका कर वा गैर कर र त्यसको दरसँग यथासम्भव तारतम्यता हुने गरी गर्ने। |

## ३.२ आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था

यस भागमा नगरपालिकाको आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरू, परिचालनको विद्यमान अवस्था, सम्भावनाको शीर्षकगत रूपमा विश्लेषण गर्दै प्रभावकारी परिचालनका उपायहरूको खोजी गरिएको छ।

तालिका नं. १३: आन्तरिक आय सङ्कलनको विद्यमान अवस्था विवरण

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण भएको/नभएको | सङ्कलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| **क)** | **कर राजस्व** | | | |
| १ | सम्पत्ति कर | भएको | भएको | भएको |
| २ | भूमिकर(मालपोत) | भएको | भएको | भएको |
| ३ | घरजग्गा बहाल कर | भएको | भएको | भएको |
| ४ | व्यवसाय कर | भएको | भएको | भएको |
| ५ | सवारी कर (टाँगा, रिक्सा, अटो रिक्सा, ई रिक्सा) | भएको | भएको | भएको |
| ६ | जडीबुटी, कवाडी र जीवजन्तु कर | भएको | भएको | भएको |
| ७ | विज्ञापन कर | भएको | नभएको | भएको |
| ८ | मनोरञ्जन कर | भएको | नभएको | भएको |
| **ख)** | **गैर कर राजस्व** | | | |
| **ख.१** | **शुल्क, सेवा शुल्क तथा महसुल** | | | |
| १ | बहाल बिटौरी शुल्क | भएको | भएको | भएको |
| २ | पार्किङ शुल्क | भएको | भएको | भएको |
| ३ | पर्यटन शुल्क | भएको | भएको | भएको |
| ४ | परीक्षा शुल्क | भएको | भएको | भएको |
| ५ | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क | भएको | भएको | भएको |
| ६ | केबलकार, ट्रेकिङ्ग, कायाकिङ्, वन्जीजम्प, जिप फ्लायर, प्यारा्लाईडिङ् आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क | नभएको | नभएको | नभएको |
| ७ | ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरी ढुङ्गा, स्लेटजस्ता वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोग शुल्क | नभएको | नभएको | नभएको |
| ८ | फोहरमैला व्यवस्थापन शुल्क | भएको | नभएको | नभएको |
| ९ | अस्पताल सञ्चालन | भएको | भएको | भएको |
| १० | एम्बुलेन्स सञ्चालन | भएको | नभएको | नभएको |
| ११ | दमकल सञ्चालन | भएको | नभएको | नभएको |
| १२ | मूल्याङ्कन सेवा शुल्क | भएको | भएको | भएको |
| १३ | स्थानीय खानेपानी महसुल | नभएको | नभएको | नभएको |
| १४ | स्थानीय विद्युत् महसुल | नभएको | नभएको | नभएको |
| **ख.२** | **दस्तुर** | **भएको** | **भएको** | **भएको** |
| १ | नक्सा पास दस्तुर | भएको | भएको | भएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण भएको/नभएको | सङ्कलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| २ | सिफारिस/प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| ३ | व्यक्तिगत घटना दर्ता दस्तुर | भएको | भएको | भएको |
| ४ | नाता प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| ५ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर | भएको | भएको | भएको |
| **ख.३** | **बिक्री तथा अन्य आय** | **भएको** | **भएको** | **भएको** |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री | भएको | भएको | भएको |
| २ | काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री | भएको | भएको | भएको |
| ३ | अन्य बिक्रीबाट प्राप्त रकम | भएको | भएको | भएको |
| ४ | सामुदायिक वनबाट आय प्राप्त | नभएको | नभएको | नभएको |
| ५ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | भएको | भएको | भएको |
| ६ | न्यायिक दण्ड जरिबाना | भएको | भएको | भएको |
| ७ | प्रशासनिक दण्ड जरिबाना | भएको | भएको | भएको |

माथिको तालिकाका आधारमा विश्लेषण गर्दा नगरपालिकाको आय संरचना धेरै विविध र सक्रिय रहेको देखाउँछ। कर राजस्वतर्फ अधिकांश करका सम्भावना, सङ्कलन र दर निर्धारण भएका भएका छन । विज्ञापन र मनोरञ्जन कर सङ्कलनको सम्भावना ज्यादै न्यून रहेको छ। शुल्क र दस्तुरतर्फ धेरै आयस्रोत सक्रिय भए पनि साहसिक खेलकुद शुल्क, उत्खनन शुल्क, फोहर व्यवस्थापन, खानेपानी जस्ता शीर्षकहरूबाट आय आर्जन हुन सकेको देखिदैन। बिक्री तथा अन्य आयमा सङ्कलन भइरहेको भए पनि सामुदायिक वनबाट आय सङ्कलन हुन सकेको छैन। समग्रमा सम्भावना भएका सबै शीर्षकहरू समेटिएका छन्। करको दायरामा नआएका क्षेत्रलाई पनि समेट्न सकेमा नगरपालिकाको राजस्व अझै धेरै बढ्न सक्छ ।

## ३.३ आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था र सम्भावना विश्लेषण

### ३.३.१ स्थानीय कर राजस्व

#### क) सम्पत्ति कर

विद्यमान अवस्था:

नगरपालिकाले आर्थिक ऐन २०८२ को दफा २ मा अनुसूची १ बमोजिम सम्पत्ति कर लगाइ असूल उपर गर्ने उल्लेख गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा घर र घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाइ बाँकी जग्गामा मालपोत लगाउने प्रावधान रहेता पनि यस नगरपालिकाले आ.व. २०८१/८२ बाट मात्रै सम्पत्ति कर र मालपोत सङ्कलन गर्न लागेको हो। यसका लागि शुत्र शफ्टवेयरको प्रयोग गर्दै आएको छ। सो भन्दा अगाडि एकीकृत सम्पत्ति कर सङ्कलन गर्दै आएको थियो। सम्पत्ति कर सङ्कलन गर्दा करीब १ कट्ठासम्म सम्पत्ति कर लिएर सो भन्दा बढीको क्षेत्रफल भएको खण्डमा मालपोत सङ्कलन गर्दै आएको

पाइन्छ। यसरी सङ्कलन गर्दा सबैलाई एकरुपता कायम गर्न सकिएको छैन। कार्यविधि बनाएर मालपोत र सम्पत्ति कर सङ्कलन गर्नुपर्ने देखिन्छ।

आ.व.२०८१/८२ मा यस शीर्षकबाट रु. ३१ लाख १५ हजार ४ सय ५३ सङ्कलन भएको थियो। चालु आ.व.मा यस शीर्षकमा रु. २५ लाख अनुमान गरिएकोमा मंसिर ७ गतेसम्म रु. ६ लाख ४९ हजार ३ सय ८१ सङ्कलन भएको देखिन्छ।

**सम्भाव्यता:**

नगरपालिकामा सम्पत्ति कर तिर्ने करदाताको अद्यावधिक विवरण उपलब्ध नभएकाले राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनअनुसार जनगणना गरिएको घरपरिवार सङ्ख्यालाई नै सम्पत्ति करदाता सङ्ख्या मानिएको छ। जनगणना अनुसार यस नगरपालिकामा १०,७६८ घरपरिवार रहेका छन्। विद्यमान कानुनी व्यवस्थाअनुसार घर तथा घरले चर्चेको जग्गा तथा अधिकतम सो बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने भएकाले करिब १०,६७८ घरपरिवारसँग घर, अन्य संरचना र जग्गा रहेको अनुमान गरिएको छ। यसका आधारमा कुल सम्पत्ति करदाताको सङ्ख्या कायम गर्दा करिब रु. ५ करोड ७ लाख ३३ हजार ४ सय ३२ बराबरको सम्पत्ति कर सङ्कलन गर्न सकिने सम्भावना देखिन्छ।

**तालिका नं. १४:** सम्पत्ति कर सम्बन्धी सम्भाव्यता विश्लेषण

| क्र. सं | सम्पत्तिको मूल्य | सम्पत्तिको मूल्य अङ्कमा | जम्मा करदाता सङ्ख्या | करको दर | जम्मा करको दर | जम्मा सङ्कलन |
|---|---|---|---|---|---|---|
| १ | पहिलो रु.५ लाखमा | ५,००,००० | ३,७१५ | ५० | ५० | १,८५,७४८ |
| २ | त्यसपछिको थप रु.४५ लाखमा | ५०,००,००० | १,१८४ | ६०० | ६५० | ७,६९,९१२ |
| ३ | त्यसपछिको थप रु.५० लाखमा | १,००,००,००० | २,१५४ | १,५०० | २,१५० | ४६,३०,२४० |
| ४ | त्यसपछिको थप रु.१ करोडमा | २,००,००,००० | १,५२९ | ३,६०० | ५,७५० | ८७,९२,०७२ |
| ५ | त्यसपछिको थप रु.१ करोडमा | ३,००,००,००० | १,२६० | ६,००० | ११,७५० | १,४८,०३,३०८ |
| ६ | त्यसपछिको थप रु.२ करोडमा | ५,००,००,००० | ८९४ | ११,००० | २२,७५० | २,०३,३२,६७६ |
| ७ | त्यसपछिको थप जति भएपनी | ६,००,००,००० | ३२ | १५,००० | ३७,७५० | १२,१९,४७६ |
| | | | १०,७६८ | | | ५,०७,३३,४३२ |

**सुझावहरू**

१) सम्पत्तिको परिभाषा, मूल्याङ्कन विधि, ह्रासकट्टी, करका दर तथा कर नलाग्ने सम्पत्तिका मापदण्डसहित कार्यविधि तयार गर्ने सो बमोजिम करका दरहरू सफ्टवेयरमा अद्यावधिक गर्ने।

२) बजार मूल्यअनुसार मूल्याङ्कन अद्यावधिक गर्दै घरजग्गा रजिस्ट्रेसन र सम्पत्ति कर दुवैका लागि एउटै बनाउन मालपोत दरलाई आधार बनाउने ।

३) सम्पत्ति कर, बहाल कर र व्यवसाय करका विवरणहरू एकीकृत गरी शुत्र सफ्टवेयरबाट दर्ता, अद्यावधिक, असूली र अनुगमन सञ्चालन गर्ने।

४) सबै करयोग्य सम्पत्तिको दर्ता, नक्सा, स्वामित्व र उपयोग विवरण डिजिटल रूपमा अद्यावधिक गर्ने।

## ख) मालपोत वा भूमिकर

### विद्यमान अवस्था

यस नगरपालिकाले आफ्नो क्षेत्रभित्र मालपोत लगाई असुल उपर गर्ने प्रावधान आर्थिक ऐनको दफा ३ मा उल्लेख गरेको छ।यस ऐनको अनुसूची २ मा मालपोतको दरहरू उल्लेख गरेको छ।मालपोतका दर निर्धारण गर्दा अबल दोयम सिम चाहार गरी ४ भागमा वर्गीकरण गरी जग्गा रहेको क्षेत्र अनुसार गरेको छ।अनुसूचीमा तोकिए बमोजिमका दरहरू सफ्टवेयर प्रणाली स्थापना गरी सबै वडाहरूबाट सङ्कलनको व्यवस्था मिलाइएको छ।

आ.व.२०८१/८२ मा यस शीर्षकबाट रु.७ लाख ५० हजार ३ सय ५९ सङ्कलन भएको थियो। चालु आ.व.मा यस शीर्षकमा रु.१० लाख अनुमान गरिएकोमा मंसिर ७  गते सम्म रु. ९ लाख ९३ हजार ५ सय ३४ सङ्कलन भएको देखिन्छ।

### सम्भाव्यताः

स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था गरेअनुसार घर तथा संरचनाले चर्चेको भन्दा बाहेकको जग्गामा भूमिकर (मालपोत) करको सम्भाव्यता अनुमान गरिएको छ।भू उपयोग अनुसार गरिएको वर्गीकरण अनुसार कृषि क्षेत्र बस्ती तथा आवास क्षेत्रले ओगटेको क्षेत्रफललाई व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, बस्ती तथा आवास क्षेत्र र कृषि क्षेत्र गरी ४ भागमा बाँडेर जग्गाको किसिम र क्षेत्रफलको मालपोतको अनुमान गरिएको छ।यसबाट रु. ५७ लाख ६८ हजार ९ सय ९० सङ्कलन हुन सक्ने अनुमान गरिएको छ।

**तालिका नं. १५:** मालपोत सम्बन्धी सम्भाव्यता विश्लेषण

| सि नं | क्षेत्रगत विवरण | किसिम | प्रति कठ्ठा भुमिकर रु | जग्गाको क्षेत्रफल कठ्ठामा | जम्मा सम्भाव्य रकम |
|---|---|---|---|---|---|
| १ | व्यवसायिक क्षेत्र | अबल | ८० | १५०० | १,२०,००० |
| | | दोयम | ७५ | १५०६ | १,१२,९५० |
| | | सिम | ७० | १४०३ | ९८,२१० |
| | | चहार | ६५ | १६०० | १,०४,००० |
| | | भिर/पाखो | ४० | १५०६ | ६०,२४० |
| २ | औद्योगिक क्षेत्र | अबल | ६० | १९४६ | १,१६,७६० |
| | | दोयम | ५५ | १९०० | १,०४,५०० |
| | | सिम | ४५ | १९२० | ८६,४०० |
| | | चहार | ४० | १९२६ | ७७,०४० |
| | | भिर/पाखो | ३५ | १९२३ | ६७,३०५ |

| सि नं | क्षेत्रगत विवरण | किसिम | प्रति कठ्ठा भुमिकर रु | जग्गाको क्षेत्रफल कठ्ठामा | जम्मा सम्भाव्य रकम |
|---|---|---|---|---|---|
| ३ | आवास क्षेत्र | अबल | ४० | ३४०० | १,३६,००० |
| | | दोयम | ३५ | ३३९२ | १,१८,७२० |
| | | सिम | ३० | ३३०० | ९९,००० |
| | | चहार | २५ | ३४९२ | ८७,३०० |
| | | भिर/पाखो | १० | ३३९६ | ३३,९६० |
| ४ | कृषि क्षेत्र | अबल | ३० | ३९५१० | ११,८५,३०० |
| | | दोयम | २७ | ३९५२० | १०,६७,०४० |
| | | सिम | २५ | ३९५०० | ९,८७,५०० |
| | | चहार | २३ | ३९५३० | ९,०९,१९० |
| | | भिर/पाखो | ५ | ३९५१५ | १,९७,५७५ |
| | जम्मा | | | | ५७,६८,९९० |

### सुझावहरू

- मालपोतको दर निर्धारण गर्दा जग्गाको उपयोग र किसिमको आधारमा गर्ने।
- मालपोत कर सङ्कलनको लागि सम्पत्ति कर सङ्कलनका लागि छुट्याए पछि बाँकी रहेको जग्गामा मालपोत लगाउने कार्यविधिमा उल्लेख गर्ने।
- ऐलानी जग्गा भए मालपोत सरह नै बहाल विटौरी शुल्क लिने।
- बाटोले छोएको र नछोएको पत्ता लगाउन भु-सूचना प्रणालीमा आवद्ध गरी लगत कट्टा गर्ने।

## ग) घरजग्गा बहाल कर

### विद्यमान अवस्था:

आर्थिक ऐन २०८२ को दफा ४ मा नगरपालिका क्षेत्रभित्रको कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक रूपमा बहालमा दिइएमा बहाल रकममा अनुसूची ३ बमोजिम बहाल रकमको १० प्रतिशत बहाल कर लाग्ने कुरा उल्लेख गरिएको छ।यो कर संस्थाहरूले कर चुक्ता प्रमाणपत्र अनिवार्य रुपमा लिनुपर्ने भएकोले आफै आएर वडा कार्यालयमा तिर्ने गरेको पाइन्छ भने अन्य व्यवसायिक प्रयोजनमा भाडामा दिने व्यक्तिहरूको हकमा स्वतस्फूर्त रुपमा तिर्ने गरेको पाइदैन।

आ.व.२०८१/८२ मा यस शीर्षकबाट रु.१४ लाख ४० हजार ७ सय ५० सङ्कलन भएको थियो।चालु आ.व.मा यस शीर्षकमा रु.१५ लाख अनुमान गरिएकोमा मंसिर ७ गते सम्म रु. १३ लाख ३० हजार १ सय १७ रकम सङ्कलन भएको देखिन्छ।

### सम्भाव्यता:

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार यस नगरपालिकामा १०७६८ घरपरिवारको १.०८ प्रतिशत घरपरिवार भाडामा बसेको पाइएको छ।त्यस समयपश्चात यस नगरपालिकामा निकै नै व्यवसाय बढेकोले

करीब २१२ घरपरिवारले घर भाडामा दिएको अनुमान गरिएको छ। ती मध्ये १०० घरपरिवारले अफिस तथा व्यवसाय प्रयोजनका लागि भाडामा दिएको र ११२ परिवारले व्यक्तिगत प्रयोजनका लागि भाडामा दिएको अनुमान गरिएको छ। बहाल रकमको १० प्रतिशत कर लिँदा घरजग्गा बहालबाट रु.१७ लाख ९० हजार ४ सय सङ्कलन हुन सक्ने अनुमान गरिएको छ। यस सम्बन्धी विवरण तलको तालिकामा दिइएको छ।

**तालिका नं. १६:** घरबहाल कर सम्बन्धी सम्भाव्यता विश्लेषण

| क्र.सं. | प्रयोजनका आधारमा बहाल लिने करदाता | बहालमा भएको घरजग्गा सङ्ख्या | औसत मासिक भाडा रकम | जम्मा वार्षिक भाडा असुली | प्रस्तावित करको दर | घर बहाल कर |
|---|---|---|---|---|---|---|
| | | (क) | (ख) | (ग) | (घ) | (ङ) |
| | | अनुमानित | अनुमानित | क × ख ×१२ | प्रतिशत | ग को १० प्रतिशत |
| १ | लेखा परीक्षण गर्ने संस्थागत प्रयोजनले व्यवसायिक फर्म, वित्तीय तथा सार्वजनिक संस्थाहरूलाई बहालमा लगाउने (औसत मासिक रु. ११००० भाडा आर्जन गर्ने) | १०० | ११,००० | १,३२,००,००० | १० | १३२०००० |
| २ | घरयासी प्रयोजनले बहालमा लगाउने (औसत मासिक रु. ३५०० भाडा आर्जन गर्ने) | ११२ | ३५०० | ४७,०४,००० | १० | ४७०४०० |
| | जम्मा | २१२ | | १७९०४००० | | १७९०४०० |

## सुझावहरू

१) बहालमा लगाइएका सम्पत्तिको विस्तृत लगत सङ्कलन गरी घर तथा संरचनाको प्रकार, स्थान, आकार र अवस्था अनुसार प्रति वर्गफुटका आधारमा न्यूनतम बहाल मूल्य निर्धारण गर्ने कार्यविधि तयार गरी कर सङ्कलनमा लागु गर्ने।

२) बहालमा बस्ने व्यक्ति/परिवारको लगत सङ्कलन गरी सम्पत्ति कर अभिलेख प्रणाली (Property Tax Database) सँग आवद्ध गरी एकीकृत प्रणालीको विकास गर्ने।

३) घरजग्गा बहाल करका व्यवस्था, दर, दायित्व तथा प्रक्रियाबारे स्पष्ट सूचनामूलक सामग्री तयार गरी सर्वसाधारणलाई जानकारी गराउने तथा प्रभावकारी प्रचार-प्रसार गर्ने।

## घ) व्यवसाय कर

### विद्यमान अवस्थाः

नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाई असुल उपर गरिने व्यवस्था नगरपालिकाले आर्थिक ऐन २०८२ को दफा ५ मा गरेको छ। करका दरहरू अनुसूची ४ मा उल्लेख गरिएको छ। अनुसूची ४ मा तोकिए बमोजिमका दरहरू सफ्टवेयर प्रणाली स्थापना गरी सबै वडाहरू तथा नगरपालिकाको राजस्व उपशाखाबाट सङ्कलन गर्ने व्यवस्था गरिएको छ। व्यवसाय दर्ता नगरपालिकाको राजस्व शाखाबाट दर्ताको प्रक्रिया पुरा गरी वडाबाट सिफारिस लिएर कर कार्यालयमा जाने व्यवस्था मिलाइएको छ।

आ.व.२०८१/८२ मा यस शीर्षकमा रु.२८ लाख ६८ हजार ६ सय ४० सङ्कलन भएको थियो। चालु आ.व.मा यस शीर्षकमा रु.२५ लाख १० हजार अनुमान गरिएकोमा मंसिर ७ गते सम्म रु. १८ लाख २ हजार ८ सय ५० रकम सङ्कलन भएको देखिन्छ।

### सम्भाव्यताः

नगरपालिकामा विभिन्न किसिमका व्यवसाय गर्ने व्यवसायीहरूको सङ्ख्या करीब ५०० वटा रहेको अनुमान गरिएको छ। व्यवसायको प्रकार र आर्थिक ऐनमा उल्लेख गरिएको दरको आधारमा विश्लेषण गर्दा प्रति व्यवसाय औसत रु.२००० व्यवसाय कर निर्धारण गर्दा रु.१० लाख सङ्कलन हुने सम्भावना रहेको छ।

### सुझावहरू

- व्यवसाय करको दर निर्धारण गर्दा व्यवसायीहरूसँग पर्याप्त छलफल गर्ने, उनीहरूसँग समन्वय तथा सहकार्य गर्दै व्यवसायको प्रकृति र पुँजीगत लगानीका आधारमा वर्गीकरण गरी व्यवसाय दर्ता तथा वार्षिक नवीकरणका दरहरू निर्धारण गरेर असूली गर्ने।
- नगरपालिका क्षेत्रमा व्यवसाय सञ्चालन गर्न नगर कार्यपालिकाबाट अनिवार्य रूपमा व्यवसाय इजाजतपत्र लिनुपर्ने व्यवस्था गर्न बागमती उद्योग वाणिज्य सङ्घसँग सहकार्य तथा समन्वय गर्ने।
- व्यवसाय कर असुली प्रभावकारी बनाउन आन्तरिक राजस्व कार्यालय तथा घरेलु तथा साना उद्योग कार्यालयसँग नियमित समन्वय गरी नगरपालिकामा दर्ता भएपछि मात्र घरेलुमा दर्ता हुने प्रावधान राख्नुपर्ने ।
- व्यवसायीहरूले कर चुक्ता प्रमाणपत्र लिनुअघि व्यवसाय नवीकरण गरेको प्रमाण अनिवार्य रूपमा पेस गर्नुपर्ने व्यवस्था गरी आन्तरिक राजस्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय तथा उद्योग वाणिज्य सङ्घसँग समन्वय तथा सहकार्य गर्ने।
- व्यवसाय करको दायरामा नपरेका व्यवसायहरू (जस्तै अनलाइन व्यवसाय, घुमन्ते पसले, फुडट्रक आदि) लाई कर दायरामा समेट्ने गरी आर्थिक ऐन तर्जुमा गर्ने।
- व्यवसाय दर्ता तथा व्यवसाय कर असूलका लागि कर सङ्कलन टोली गठन गरी सालबसाली रुपमा परिचालन गर्ने, तोकिएको समयभित्र कर तिर्ने करदातालाई छुटको व्यवस्था गर्ने; तर बक्यौता रकममा छुट दिनु नियमित करदाता प्रति अन्याय हुने भएकाले छुट प्रवृत्ति निरुत्साहित गर्ने।
- स्थलगत अनुगमनमार्फत व्यवसाय सञ्चालनको वास्तविक अवस्था जाँच गरी दर्ता अभिलेखसँग मिलान गर्ने, नयाँ व्यवसाय दर्ता गर्ने तथा सञ्चालनमा नरहेका व्यवसायहरूको दर्ता कट्टा प्रक्रिया अघि

बढाउने ।

- व्यवसाय कर (व्यवसाय दर्ता, नवीकरण तथा खारेजीसम्बन्धी शुल्क) सङ्कलन प्रक्रियाका लागि कार्यविधिमा आवश्यक परिमार्जन गर्ने।
- घरेलु कार्यालयमा दर्ता भइ नगरपालिकामा दर्ता नभएका व्यवसायको हकमा व्यवसाय कर सङ्कलन कार्यविधिमा आवश्यक परिमार्जन गरी करको दायरामा ल्याउनु पर्ने।
- कानुन व्यवसायी,अडिटर, डक्टर, इन्जिनियरलगायत विभिन्न पेशाकर्मीहरूलाई व्यवसाय कर दायरामा ल्याउन विशेष अभियान सञ्चालन गर्ने।

## ङ) जडीबुटी, कवाडी, जीवजन्तु कर

### विद्यमान अवस्थाः

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, जडीबुटी, कवाडी माल, र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुहरूको हाड, सिङ, प्वाख, छाला, जस्ता वस्तुको व्यावसायिक कारोबार गरेबापत आर्थिक ऐनमा दरहरू उल्लेख गरी कर लिन पाउने व्यवस्था छ।यस नगरपालिकाको आर्थिक ऐनको दफा १३ मा यस सम्बन्धी व्यवस्था गरी अनुसूची १६ बमोजिम यसका दरहरू निर्धारण गरेको छ।आय सङ्कलनको लागि रु.३ लाख ३ हजारमा बोलपत्र आव्हान गर्दा कसैको निवेदन परेन।

आ.व.२०८१/८२ मा यस शीर्षकमा कुनै रकम सङ्कलन भएको थिएन।चालु आ.व.मा पनि यस शीर्षकमा कुनैपनि रकम अनुमान गरिएको तथा सङ्कलन भएको देखिदैन।

### सम्भाव्यताः

यस क्षेत्रमा पाइने कवाडी सामानहरूमा कागज, टिन, फलाम, बोत्तल प्रमुख रूपमा रहेका छन्। यी कवाडी सामान व्यावसायिक कारोबार गर्नेसँग गत आ.व.सम्म पनि आय सङ्कलन नभएको र चालु आ.व.मा पनि अनुमान तथा प्राप्ति भएको छैन।यस शीर्षकमा यस नगरपालिकाले शुरुका वर्षमा तोकेको ठेक्का रकमलाई नै आधार मानी आउने दिनमा ठेक्का लगाउने वातावरण बनाउन पर्ने देखिएको छ।त्यसैले यस शीर्षकमा सङ्कलन हुन सक्ने रकम रु.३ लाख अनुमान गरिएको छ।

### सुझावहरू

- कवाडी सामानहरू के कति मात्रामा सङ्कलन हुन सक्छ सो को तथ्याङ्क सङ्कलन गरी यस करको सम्भाव्यता अध्ययन गर्ने।
- कवाडी सङ्कलन गर्ने व्यवसायीलाई व्यवसाय करको दायरामा ल्याएर निकासी हुने कवाडी सामानको परिमाण आङ्कलन गरी न्यूनतम ठेक्का रकम निर्धारण गरी बोलपत्र आव्हान गर्ने।

## च) विज्ञापन कर

### विद्यमान अवस्थाः

नगरपालिकाले आफ्नो क्षेत्रमा राखिएका विज्ञापन सामग्रीमा कर लगाउन पाइने अधिकार भएता पनि आर्थिक ऐनको कुनै पनि दफामा यस सम्बन्धी उल्लेख नगरी व्यवसाय करको अनुसूची ४ को ७ नम्बर बुदाँमा विज्ञापन कर शीर्षकमा राखेको छ।

आ.व.२०८१/८२ मा यस शीर्षकमा कुनै रकम सङ्कलन भएको थिएन।चालु आ.व.मा पनि यस शीर्षकमा अनुमान गरिएको तथा सङ्कलन भएको देखिदैन।

**सम्भाव्यता:**

यस नगरपालिकामा बाटोको स्तरोन्नती हुँदै गएको भरत तालको प्रख्याती बढ्दै गएको र पूर्व पश्चिम रेलमार्ग भरत ताल नजिकैबाट गएकोले यस नगरपालिकाका प्रमुख व्यापारिक स्थानहरूमा होर्डिङ्ग बोर्ड तथा अन्य विज्ञापनका सामग्रीहरूको प्रयोग बढ्दै जाने अनुमान गर्दा यस शीर्षकबाट तपसिलमा उल्लेखित विज्ञापन सामग्रीबाट प्रदेशको ४० प्रतिशत हिस्सा कटाई वार्षिक रूपमा रु.२ लाख ७ हजार ९ सय  सङ्कलन हुने सम्भावना रहेको छ।

**तालिका नं. १७:** विज्ञापन कर सम्बन्धी सम्भाव्यता विश्लेषण

| विज्ञापन सामाग्री | विज्ञापन सामाग्रीको साइज अनुसार सङ्ख्या | | | | औषत दर प्रति गोटा (रु.) | सम्भाव्य रकम (रु.) |
|---|---|---|---|---|---|---|
| | ठूला | मध्यम | साना | जम्मा | | |
| होर्डिङ वोर्ड, ग्लोब वोर्ड | ४० | ३० | २० | ९० | २००० | १८०००० |
| भित्तेलेखन | ६० | ४५ | ६० | १६५ | ५०० | ८२५०० |
| फ्लेक्स व्यानर | ३० | ३५ | ५५ | १२० | ७०० | ८४००० |
| जम्मा | | | | ३७५ | | ३४६५०० |
| | | | | | ६०% | २०७९०० |

**सुझावहरू**

- आर्थिक ऐनमा विज्ञापन करलाई अलग्गै दफा र अनुसूचीमा उल्लेख गर्दा उचित हुने देखिन्छ।
- नगरपालिका क्षेत्रमा भएका विज्ञापन सामग्रीहरूको लगत सङ्कलन गरी न्यूनतम ठेक्का अङ्क आर्थिक ऐनमा उल्लेख गर्ने।

## छ) सवारी कर (साना सवारी)

### विद्यमान अवस्था

विद्यमान व्यवस्थाअनुसार नगरपालिका क्षेत्रभित्र टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता र नवीकरण बापत सवारी कर लगाउने अधिकार रहेको छ।सो व्यवस्थाअनुसार नगरपालिकाले आर्थिक ऐन, २०८२ को दफा ६ मा यस सम्बन्धी व्यवस्था गरेको छ।यसका दरहरू अनुसूची ५ मा गरेको छ।

सवारी साधन कर तर्फ आ.व.२०८१/८२ मा कुनै रकम सङ्कलन भएको थिएन।चालु आ.व. मा पनि यस शीर्षकमा अनुमान गरिएको तथा सङ्कलन भएको देखिदैन।

**सम्भाव्यता:**

सरोकारवालाहरूसँगको छलफलको आधारमा नगरपालिका क्षेत्रमा सडक यातायातको विकास र विस्तारसँगै करिब ८० वटा अटोरिक्साहरू सञ्चालनमा रहेको अनुमान गरिएको छ।नगरपालिकाले प्रति अटोरिक्सा दर्ता तथा नवीकरण बापत रु.१००० साना सवारी कर निर्धारण गर्दा यसबाट वार्षिक रु.८० हजार सङ्कलन हुन सक्ने सम्भावना देखिन्छ।

तालिका नं. १८: साना सवारी साधन कर सम्बन्धी सम्भाव्यता विश्लेषण

| क्र.सं. | सवारी साधन | अनुमानित सङ्ख्या | रजिस्ट्रेसन दस्तुर | जम्मा सम्भाव्य रकम रु |
|---|---|---|---|---|
| १ | ई-रिक्सा | ८० | १००० | ८०००० |
| | जम्मा | | | ८०००० |

### सुझावहरू

- नगरपालिका क्षेत्रमा भएका साना सवारी साधनको लगत सङ्कलन गरी दर्ताको लागि पहल गर्ने।
- यस नगरपालिका क्षेत्रमा ठेगाना बनाइ दर्ता भएका साना सवारी साधनको अभिलेख मधेश प्रदेशको यातायात कार्यालय वा ट्राफिक कार्यालयसँग समन्वय गरी प्राप्त गर्ने।

## ३.३.२ गैर कर राजस्व

## क) ढुङ्गा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री

### विद्यमान अवस्था

केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ६२ क थप गरी गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय अध्ययन तथा परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ। स्थानीय सरकार सञ्चालन ऐनमा भएको यस संशोधनसँगै यस शीर्षकको राजस्व स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र पर्दछ। नेपाल सरकारबाट जारी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्रीबाट सङ्कलित राजस्व मध्ये ६० प्रतिशत स्थानीय सञ्चित कोषमा र ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ। तर सोअनुसार ऐनमा संशोधन भई नसकेको अवस्था छ।

विद्यमान कानुनी व्यवस्थाअनुसार वातावरण संरक्षण ऐन २०७६ र नियमावली २०७७ को व्यवस्थाअनुसार संक्षिप्त वातावरण अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनको समेत व्यवस्था गरिएको छ र सोअनुसार अध्ययनको सिफारिसका आधारमा बिक्री दर निर्धारण गरी नगरपालिकाले ढुङ्गा, गिट्टी, बालुवा, भरान बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ।

आ.व.२०८१/८२ मा यस शीर्षकमा रु.३ करोड सङ्कलन भएको थियो। चालु आ.व मा रु.२० करोड ४० लाख अनुमान गरिएकोमा मंसिर ७ सम्म रु.२ करोड २३ लाख २१ हजार सङ्कलन भएको अवस्था छ।

### सम्भाव्यता:

यस नगरपालिकामा विगतमा आ.व.मा सङ्कलन भएको आय र नदीजन्य पदार्थ सङ्कलनको लागि वातावरणीय प्रभाव मूल्याङ्कन कार्य भइरहेको पाइएकोले आगामी आ.व.मा यसबाट अझ बढी सङ्कलन हुन सक्ने व्यवस्था मध्यनजर गर्दा यसबाट आगामी आ.व. मा रु.१२ करोड सङ्कलन हुने अनुमान गरिएको छ।

### सुझावहरू

- भरत ताल निर्माण गर्दा निस्किएको ढुङ्गा, गिट्टी तथा वालुवा ठेक्मा लगाई बिक्री गर्ने।
- ऐलानी जग्गा तथा दहत्तर बहत्तरबाट उत्पादन हुने काठ तथा दाउराको बिक्री दर आर्थिक ऐनमा

समावेश गर्ने।

- ढुङ्गा, गिट्टी, बालुवा एवं माटो बिक्रीको ठेक्का नलागेमा वडाको सहयोगमा नगरपालिका आफैले अमानतमा बिक्री गर्ने व्यवस्था गर्ने।
- नदीजन्य पदार्थको चोरी निकासी तथा चुहावटलाई नियन्त्रण गर्न अनुगमन प्रणालीलाई प्रभावकारी सञ्चालन गर्ने।
- माटो तथा नदीजन्य पदार्थको उत्खनन, बिक्री तथा अनुगमन सम्बन्धी कार्यविधि तर्जुमा गरी लागु गर्ने।

## ख) बहाल बिटौरी शुल्क

### विद्यमान अवस्थाः

नगरपालिका क्षेत्रभित्र सार्वजनिक, स्थानीय सरकारको नाममा रहेका ऐलानी जग्गा त्यस्तो जग्गामा रहेका पोखरी, हाटबजार, प्रदर्शनी स्थल र ती स्थानमा अस्थायी अनुमति लिएर राखिएका पसलमा अनुसूची ७ अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिने व्यहोरा आर्थिक ऐनको दफा ६ मा उल्लेख गरेको छ।

आ.व.२०८१/८२ मा यस शीर्षकबाट रु.२० लाख २१ हजार ८ सय ५४  शुल्क सङ्कलन भएको थियो। चालु आ.व.मा यस शीर्षकबाट रु. २५ लाख अनुमान गरिएको भएतापनि मंसिर ७ गते सम्म रु.१४ लाख ५६ हजार ३ सय २० सङ्कलन भएको देखिन्छ।

### सम्भाव्यताः

यस नगरपालिकामा हाटबजार लाग्ने स्थानहरू प्रमुख रूपमा ५ वटा रहेका छन्। ती स्थानहरूमा भौतिक पूर्वाधारको राम्रो व्यवस्था गरी आय सङ्कलन गर्न सकिने सम्भावना रहेको छ।यस शीर्षकमा आर्थिक ऐनमा उल्लेख भएअनुसार ठेक्का लगाउँदा रु.४ करोड ६३ लाख १३ हजार ३ सय ३ सङ्कलन हुन सक्ने अनुमान गरिएको छ।

तालिका नं. १९: बहाल बिटौरी शुल्क सम्बन्धी विवरण

| क्र.सं. | ठेक्का लागेका शीर्षकहरू | सङ्ख्या | भाडाको इकाई | मासिक भाडा | कुल सङ्कलन सम्भावना वार्षिक (रु) |
|---|---|---|---|---|---|
| १ | बागमती नदी माछा | | | | १०५००० |
| २ | ऐश्वर्य नगर बजार बागमती वडा नं १२ | | | | ३११५३ |
| ३ | जिरायत हाटबजार बागमती वडा नं ४ | | | | २०४००० |
| ४ | बागमती माछा पोखरी तथा बगैचा पर्यटन क्षेत्र अन्तर्गत बोट लगायत जल यातायात सञ्चालन तथा पार्किङ | | | | ४१४९४४०० |
| ५ | सोल्टी हाट बजार वागमती ८ | | | | १०५८७५० |
| ६ | भरत तालमा रहेका ठूला सटर | १४ | प्रति शटर | १५००० | २१०००० |

| क्र.सं. | ठेक्का लागेका शीर्षकहरू | सङ्ख्या | भाडाको इकाई | मासिक भाडा | कुल सङ्कलन सम्भावना वार्षिक (रु) |
|---|---|---|---|---|---|
| ७ | भरत तालको क्षेत्रभित्र रहेका साना सटरहरू १०० वर्ग फिट क्षेत्रफल भएका | १५० | प्रति वर्ग फिट | १० | १८००००० |
| ८ | भरत तालको क्षेत्र बाहिर रहेका ११७५० वर्ग मी जग्गाको भाडा | | प्रति वर्ग मीटर | १० | १४१०००० |
| | जम्मा | | | | ४६३१३३०३ |

### सुझावहरू

- सोल्टी बजारको बजार क्षेत्रमा रहेका करीब ११५ घरहरूबाट विगतका वर्षहरूमा सङ्कलन गर्दै आएको बहाल विटौरी शुल्क जग्गा धनी पूर्जा प्राप्त नहुँदासम्म निरन्तरता दिनुपर्ने।
- सार्वजनिक जग्गा उपयोग गरी व्यापार व्यवसाय गर्ने स्थानहरू र सार्वजनिक जग्गा उपभोग गरी बसोवास गरेका घरधनीहरूको अभिलेख तयार गर्ने।
- सार्वजनिक जग्गा उपभोग गरी बसोबास गरेकाहरूलाई बहाल बिटौरी शुल्कको दायरामा ल्याउन कार्यविधि तर्जुमा गर्ने।

## ग) नक्सा पास दस्तुर

### विद्यमान अवस्था

स्थानीय सरकारले आफ्नो क्षेत्र भित्र नयाँ घर तथा भवन निर्माण गर्दा बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ र स्थानीय सरकारले निर्माण गरेको भवन निर्माण मापदण्डअनुसार नक्सा पास गर्नुपर्ने व्यवस्था गरेको छ। यो नियम लागु हुनु पूर्व निर्माण भएका भवनको अभिलेखीकरण बापत दस्तुर लिन सक्ने कानुनी व्यवस्था रहेको छ। यस नगरपालिकाको आर्थिक ऐन २०८२ को दफा ९ को अनुसूची ८ मा सेवा शुल्क दस्तुरभित्र नक्सा पास दस्तुर राखेको छ। गत आ.व.मा ४ वटा व्यवसायिक भवन, ३९ वटा आवासीय भवन र २ वटा घरको अभिलेखीकरण भएको थियो।

आ.व.२०८१/८२ मा यस शीर्षकमा रु. ७ लाख २१ हजार ६ सय ९८ रकम सङ्कलन भएको थियो। चालु आ.व.मा यस शीर्षकमा रु. ५ लाख अनुमान गरिएकोमा मंसिर ७ गतेसम्म रु.४५ हजार ३ सय ६९ सङ्कलन भएको देखिन्छ।

### सम्भाव्यता:

यस नगरपालिकामा हालका दिनमा आवासीय र व्यापारिक दुवै वर्गका भवन निर्माणमा विस्तारै बढ्दै गएको छ। यसका आधारमा आगामी आ.व.मा नगरपालिका क्षेत्रमा करिब ८८ वटा आवासीय घरहरू, २ वटा व्यावसायिक घरहरूको नक्सा पास हुने अनुमान गरिएको छ। यसै गरी १२ वटा घरहरू अभिलेखीकरण गरिने अनुमान गरिएको छ। यसबाट वार्षिक रूपमा जम्मा रु.१० लाख ७ हजार २ सय सङ्कलन हुने सम्भावना रहको छ।

तालिका नं. २०: नक्सा पास दस्तुरको सम्भाव्यता विश्लेषण

| भवनको किसिम र बनोट | आ व २०८१/८२ को यथार्थ | आगामी आ.व.को अनुमान | दर प्रति वर्ग फिट | औषत क्षेत्रफल वर्ग फिट | कुल सम्भाव्य रकम (रु.) |
|---|---|---|---|---|---|
| भवन निर्माण मापदण्ड २०७२ अनुसार बनेका व्यवसायिक भवन | ४ | २ | ११ | २८०० | ६१६०० |
| भवन निर्माण मापदण्ड २०७२ अनुसार बनेका आवासीय भवन | ३९ | ८८ | ८ | १२०० | ८४४८०० |
| अभिलेखीकरण | २ | १२ | ७ | १२०० | १००८०० |
| जम्मा | ४५ | १०० | १५ | | १००७२०० |

### सुझावहरू

- नक्सा पास अनिवार्य गर्ने व्यवस्था गरी बिटौरी शुल्क लाग्ने क्षेत्रहरूको पहिचान तथा विस्तृत लगत तयार गर्ने।
- नगरपालिकाको भवन निर्माण मापदण्डअनुसार नक्सा पास गर्ने नीति बनाई कार्यान्वयन तथा अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने।

## ग) व्यवसाय रजिस्ट्रेसन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

### विद्यमान अवस्था

स्थानीय सरकारले एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण व्यवसाय इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नका लागि अनुमति दिन र सो बापत दस्तुर सङ्कलन गर्न सक्ने प्रावधान छ। नगरपालिकाले "घ" वर्गका निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि निर्माण गरेको छ। यस नगरपालिकाको आर्थिक ऐनको २०८२ दफा ५ को अनुसूची ४ मा सेवा शुल्क दस्तुर भित्र व्यवसाय रजिस्ट्रेसन दस्तुर उल्लेख गरिएको छ।

आ.व.२०८१/८२ मा यस शीर्षकबाट रकम सङ्कलन भएको देखिदैन। चालु आ.व.मा यस शीर्षकमा आय अनुमान नगरिएको र मंसिर ७ गते सम्म रु.१ लाख ५३ हजार ६ यस सङ्कलन भएको देखिन्छ।

### सम्भाव्यता:

यस नगरपालिकाभित्र रहेका २१९ वटा व्यवसायबाट कूल रु. ११,९५,००० राजस्व उठ्न सक्ने अनुमान गरिएको छ। घ वर्गका ४० निर्माण व्यवसाय र ११४ स्थानीय व्यवसायिक फर्महरू मुख्य राजस्व स्रोत भएर क्रमशः रु. ४,००,००० र रु. ५,७०,००० सङ्कलन हुने सम्भावना देखिन्छ। त्यस्तै, १३ निजी विद्यालयबाट रु. ६५,०००, ४८ सहकारीबाट रु. १४४००० र ४ फार्मेसीबाट रु. १६,००० राजस्व

प्राप्त हुने अपेक्षा गरिएको छ। समग्रमा, सबै व्यवसायिक वर्गहरू मिलेर उल्लेखनीय मात्रामा स्थानीय राजस्व सङ्कलन हुन सक्ने देखिन्छ। यस सम्बन्धी थप विवरण तलको तालिकामा दिइएको छ।

तालिका नं. २१: व्यवसाय रजिस्ट्रेसन दस्तुरको सम्भाव्यता विश्लेषण

| क्र.सं. | व्यवसायको प्रकार | सङ्ख्या | औसत दर | कुल सम्भावना रकम (रु.) |
|---|---|---|---|---|
| १ | घ वर्गका निर्माण व्यवसाय | ४० | १०००० | ४००००० |
| २ | फार्मेसी | ४ | ४००० | १६००० |
| ३ | निजी विद्यालय | १३ | ५००० | ६५००० |
| ४ | स्थानीय व्यवसायिक फर्म | ११४ | ५००० | ५७०००० |
| ५ | सहकारी | ४८ | ३००० | १४४००० |
| **जम्मा** | | २१९ | | ११९५००० |

### सुझावहरू

- एफएम/रेडियो, विद्यालय स्थापना, व्यापारिक फर्म, सहकारी संस्था, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र, ट्युसन/कोचिङ, औषधि पसल, प्लटिङ कार्य, ढुङ्गा-गिट्टी सर्वेक्षण तथा उत्खनन लगायतका गतिविधि सञ्चालनका लागि अनुमति प्रदान गर्ने र सोको बदला दस्तुर (शुल्क) सङ्कलन गर्न सकिने व्यवस्था गर्ने।
- संस्थागत विद्यालयको रजिस्ट्रेसन दस्तुर अन्य स्थानीय तहको तुलनामा बढी देखिएकोले सुरुमा औसत वार्षिक रु ५००० बाट सुरु गर्दा उपयुक्त हुने।
- आर्थिक ऐनमार्फत दर्ता तथा अनुमति दस्तुरका दरहरू स्पष्ट रूपमा निर्धारण गरी नियमित रूपमा सङ्कलन गर्ने।
- अनुमति नलिई गतिविधि सञ्चालन गरेमा दण्ड तथा जरिबाना लागु हुने व्यवस्था गर्ने।

## घ) सम्पत्ति तथा आयस्रोत मूल्याङ्कन सेवा शुल्क (अन्य प्रशासनिक सेवा शुल्क)

### विद्यमान अवस्था

नगरपालिकाको आर्थिक ऐन २०८२ को दफा ९ मा सेवा शुल्क दस्तुर भित्र अनुसूची ८ मा उल्लेख भएअनुसार सम्पत्ति तथा आयस्रोत मूल्याङ्कन सेवा शुल्क लगाउने र असुल उपर गरिने उल्लेख गरिएको छ। सो बमोजिम नगरपालिकाले सेवा शुल्क सङ्कलन गर्दै आएको छ।

आ.व.२०८१/८२ मा यस शीर्षकबाट रु.२ लाख १ हजार २ सय सङ्कलन भएको थियो। चालु आ.व. मा यस शीर्षकमा रु.२ लाख अनुमान गरिएकोमा मंसिर ७ सम्म रु. ६७ हजार २ सय सङ्कलन भएको देखिन्छ।

### सम्भाव्यता:

नगरपालिकाले प्रदान गर्ने घरजग्गा लगायत सम्पत्तिको मूल्याङ्कन र आयस्रोत मूल्याङ्कन सम्बन्धी सेवा वार्षिक १५० घरपरिवारले उपयोग गर्ने र सो बापत औसत रु.२००० शुल्क निर्धारण गर्दा आगामी आ.व.मा सम्पत्ति तथा मूल्याङ्कन सेवा शुल्कबाट करिब रु.३ लाख सेवा शुल्क सङ्कलन हुने अनुमान गरिएको छ।

### सुझावहरू

- यस शीर्षकमा सङ्कलन भएको रकम यसै शीर्षकमा राख्ने।
- आर्थिक ऐनमा सम्पत्ति मूल्याङ्कनका दरहरू यसै शीर्षकमा उल्लेख गरी सङ्कलनको व्यवस्था मिलाउने।

## ङ) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय

### विद्यमान अवस्था

स्थानीय सरकारले आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, औजार तथा अन्य उपकरणहरू जस्ता सरकारी सम्पत्तिहरू बहालमा लगाउने र भाडा उठाउने अधिकार भएतापनि यस सम्बन्धी कुनैपनि व्यवस्था नगरपालिकाको आर्थिक ऐन २०८२ मा उल्लेख गरिएको पाइदैन। आ.व.२०८१/८२ मा यस शीर्षकबाट कुनैपनि रकम सङ्कलन भएको थिएन। चालु आ.व. मा पनि यस शीर्षकमा कुनैपनि रकम अनुमान तथा सङ्कलन भएको देखिदैन।

### सम्भाव्यता:

यस नगरपालिकाको वडा नं ३, ४ र १२ मा रहेका आँपका बगैचामा फलेका आँपलाई विक्रीको लागि ठेक्का लगाउँदै आएको छ। यसबाट नगरपालिकाले वर्षेनी रु.२ करोड ९ लाख ३८ हजार सङ्कलन हुने सम्भावना रहेको छ।

तालिका नं. २२: सरकारी सम्पत्तिको बहालबाट प्राप्त आयको सम्भाव्यता विश्लेषण

| क्र.स. | बहालमा लगाइएको सम्पत्तिको विवरण | परिमाण | मासिक भाडा दर | कुल सम्भावना रकम (रु.) |
|---|---|---|---|---|
| १ | बागमती नगर बगैचा आँप ठेक्का वडा नं ४ र १२ | १ | | १२१५०००० |
| २ | बागमती नगर बगैचा आँप ठेक्का वडा नं ३ | १ | | ७६००००० |
| ३ | कृषि भवन | १ | | १०००००० |
| ४ | पानी ट्याङ्कर | १ | ३५०० | १२६००० |
| ५ | सिटी हल | १ | | ५०००० |
| ६ | क्यान्टिन | १ | १००० | १२००० |
| | **जम्मा** | | | २०९३८००० |

### सुझावहरू

- नगरपालिका क्षेत्रभित्रका सबै वडामा अवस्थित नगरपालिकाको स्वामित्व तथा हकभोगमा रहेका जग्गा र संरचनाहरूको उपयोगको अवस्थासहितको अभिलेख अद्यावधिक गर्ने।
- नगरपालिकाको लगानीको केही हिस्सा दीर्घकालीन रूपमा आय आर्जन गर्न सक्ने क्षेत्रहरू जस्तै तरकारी तथा फलफूल बजार, पार्किङ स्थल, मनोरञ्जन क्षेत्र, शपिङ कम्प्लेक्स आदिमा लगानी गर्न नीति तर्जुमा गरी कार्यान्वयन गर्ने।
- न्यूनतम भाडा दर तथा बहाल मूल्य आर्थिक ऐनमा समावेश गरी समयमै भुक्तानी गर्ने करदातालाई छुट र ढिलो बुझाउनेलाई जरिबानाको व्यवस्था लागु गर्ने।
- यस शीर्षकअन्तर्गत सङ्कलित समस्त राजस्व रकम यही शीर्षकमा नै अभिलेखीकृत गर्ने।

## च)   सिफारिस तथा प्रमाणित दस्तुर

**विद्यमान अवस्थाः**

नगरपालिकाले कानुन बमोजिम सिफारिस तथा प्रमाणित दस्तुर लिन पाउने व्यवस्था गरेको छ। सोहीअनुसार नगरपालिकाले आर्थिक ऐन २०८२ दफा ९ को अनुसूची ८ मा यसका दर निर्धारण गरेको छ।

आ.व.२०८१/८२ मा यस सिफारिस दस्तुरमा रु.४ लाख ७० हजार १ सय ९६ सङ्कलन भएको थियो। नाता प्रमाणित दस्तुरमा रु.४२ हजार ४ सय सङ्कलन भएको थियो। व्यक्तिगत घटना दस्तुरबाट रु.५ लाख २४ हजार १ सय ५०, अन्य दस्तुरबाट रु.१३ लाख ८ हजार २ सय १७ सङ्कलन भएको थियो।

**सम्भाव्यताः**

नगर कार्यपालिका कार्यालय र वडा कार्यालयहरूबाट वार्षिक रूपमा हुने सिफारिस घटना दर्ता दस्तुर, नाता प्रमाणित दस्तुर र अन्य दस्तुर गरी जम्मा १५५१० वटा रसिद काटिने अनुमान गरिएको छ। शीर्षकगत रूपमा भन्दा सिफारिस बापत रु.१६ लाख ८९ हजार ६ सय व्यक्तिगत घटना दस्तुरबाट रु.१ लाख ४० हजार, नाता प्रमाणित दस्तुर रु.५० हजार र अन्य दस्तुरबाट रु.१४ लाख  सङ्कलन हुन सक्ने अनुमान गरिएको छ।

तालिका नं. २३: सिफारिस तथा प्रमाणित दस्तुरको सम्भाव्यता विश्लेषण

| क.सं. | सिफारिस प्रमाणीकरणको विवरण | आगामी आ.व.को अनुमान | औसत दर (रु. प्रति शिफारिस) | कुल सम्भावना रकम (रु.) |
|---|---|---|---|---|
| १ | सिफारिस दस्तुर | १०५६० | १६० | १६८९६०० |
| २ | घटना दर्ता दस्तुर | ७०० | २०० | १४०००० |
| ३ | नाता प्रमाणित दस्तुर | २५० | २०० | ५०००० |
| ४ | अन्य दस्तुर | ४००० | ३५० | १४००००० |
| | जम्मा | १५५१० | | ३२७९६०० |

**सुझावहरू**

- जुन शीर्षकमा रसिद काटिने हो सोही सोही शीर्षकअन्तर्गत नै अभिलेखीकृत (प्रविष्ट) गर्नुपर्ने।
- शुल्क निर्धारण गर्दा सेवाको वास्तविक लागत, जनताको भुक्तान क्षमता तथा अन्य स्थानीय तहहरूले लागु गरेको दरसँग तालमेल हुने गरी दर निर्धारण गर्ने।

## छ)   फोहरमैला व्यवस्थापन शुल्क

**विद्यमान अवस्थाः**

नगरपालिकाले फोहोरमैला सङ्कलन तथा व्यवस्थापन सेवा दिए बापत शुल्क लिन सक्ने कानुनी व्यवस्था रहेको छ। आर्थिक ऐनमा यस सम्बन्धी कुनै व्यवस्था नगरेको र रकम पनि सङ्कलन नभएको अवस्था छ। दीर्घकालिन रूपमा यसको व्यवस्थापन गर्नकालागि नगरपालिकाले ल्याण्डफिल्ड साइटको व्यवस्था गर्न स्थानको खोजी भइरहेको छ। हाल नगरपालिकाले फोहरमैला व्यवस्थापन सेवा शुल्क निर्धारण गरी आर्थिक

ऐनमा उल्लेख गरेको छ।हाट बजार व्यवस्थापनका लागि ठेक्का लिएका ठेकेदारहरूले हाट बजार स्थलको सरसफाइ गरी उत्पादित फोहरलाई नदीको किनारमा लगी विसर्जन गर्ने र जलाउने गरेको पाइन्छ।

आ.व.२०८१/८२ मा यस शीर्षकमा आय सङ्कलन भएको छैन। चालु आ.व.मा पनि यस शीर्षकमा आय अनुमान नगरिएको र मंसिर ७ गते सम्म पनि कुनै रकम सङ्कलन भएको छैन।

#### सम्भाव्यताः

यस नगरपालिकामा गाउँवस्ती धेरै भएकोले कुहिने फोहरको व्यवस्थापनमा कुनै समस्या देखिएको छैन। बजार क्षेत्रमा पनि प्लाष्टिकजन्य नगल्ने र पून:प्रयोग गर्न नमिल्ने फोहरको मात्र व्यवस्थापन गर्नुपर्ने देखिन्छ। हालको अवस्थामा नगरपालिकाले फोहरमैला सङ्कलन तथा व्यवस्थापनमा कुनै काम नगरेकोले सङ्कलन हुने रकमको पनि अनुमान गरिएको छैन।

#### सुझावहरू

- फोहरमैला व्यवस्थापनकालागि ल्याण्डफिल्ड साइटको निर्धारण गरी उचित ढङ्गबाट त्यसको व्यवस्थापन गर्नुपर्ने देखिन्छ।
- हाल प्रयोगमा ल्याइएको नकुहिने र पून प्रयोग नहुने फोहरलाई नदीको किनारमा लगेर जलाउने अभ्यासलाई निरुत्साहित गर्नुपर्ने देखिन्छ।

### ज) पर्यटन शुल्क

#### विद्यमान अवस्थाः

नगरपालिकाले पर्यटन शुल्क सङ्कलनकालागि आर्थिक ऐनमा कुनै व्यवस्था नगरेको र यस  शीर्षकमा रकम पनि सङ्कलन नभएको अवस्था छ।यस शीर्षकमा सङ्कलन गरी प्रविष्ट गर्नुपर्ने रकम भरत तालबाट जल यातायात र पार्किङ गरी  एक मुष्ट रुपमा ३ वर्षकालागि ठेक्का दिइएको छ।यस तालबाट रु.४ कोड १४ लाख ९४ हजार ४ सय वार्षिक रुपमा प्राप्त हुने गरी ठेक्का लगाइएको छ।

#### सुझावहरू

- आर्थिक ऐनमा पर्यटन शुल्कको सङ्कलन सम्बन्धी व्यवस्था गरि शुल्कको दर निर्धारण गर्ने।
- पर्यटकीय स्थलहरूको पहिचान गरी पर्यटन गुरुयोजना तयार पारी सम्भाव्यता अध्ययन गर्ने।
- भरत तालमा ठेक्का लगाउँदा अलग अलग शीर्षकमा ठेक्का लगाउँदा उपयुक्त हुने।
- ताल छेत्रमा गेट बनाएर प्रवेश शुल्कको व्यवस्था गर्नु पर्ने।
- फन पार्क लगाएतमा अन्य पर्यटकीय क्षेत्रहरूलाई चाँडो भन्दा चाँडो निर्माण गरी करको दायरामा ल्याउनु पर्ने।

### झ) पार्किङ शुल्क

#### विद्यमान अवस्थाः

विद्यमान कानुन अनुसार नगरपालिकाले आफूले निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गरेको पार्किङ स्थलहरूमा सवारी साधनहरूलाई पार्किङ सेवा उपलब्ध गराए बापत पार्किङ शुल्क लिन पाउने व्यवस्था

रहेको छ। नगरपालिकाले आर्थिक ऐन २०८२ को दफा ८ र अनुसूची ७ मा पार्किङ शुल्क सम्बन्धी व्यवस्था गरेको छ।

आ.व. २०८१/८२ मा यस शीर्षकबाट सङ्कलन भएको थिएन। चालु आ.व.मा र भरत ताल क्षेत्रमा पार्किङ गर्ने सवारी साधन जल यातायातको लागि ३ वर्षका लागि वार्षिक रु.४ करोड १४ लाख ९४ हजार ४ सयका दरले ठेक्का लागेको छ। अन्य स्थानमा पार्किङको लागि स्थान उपलब्ध छैन।

**सुझावहरू**

- पार्किङ स्थलमा सवारी साधन धुने तथा शौचालयको समेत व्यवस्था गरी पार्किङ स्थलको निर्माण गर्ने
- पार्किङ शुल्क सकलन गर्दा सार्वजानिक निजी साझेदारी पद्धतिबाट गर्दा प्रभावकारी हुने।
- नगरपालिका क्षेत्रभित्र स्थान पहिचान गरी सवारी पार्किस्थल तोक्ने र तोकिएको स्थान बाहेक अन्य स्थलमा पार्किङ निषेध गर्ने।

# परिच्छेद चारः आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था

## ४.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण

नगरपालिकाले राजस्व परिचालनको अवस्थामा सुधार ल्याउनका लागि तपसिलमा उल्लेखित नीतिहरू अवलम्बन गर्नुपर्ने देखिन्छः

१) निर्धारित समयभित्र कर तिर्ने करदातालाई प्रोत्साहनस्वरूप छुट प्रदान गरिनेछ, र ढिलो तिर्ने करदातामाथि कानुनअनुसार जरिबाना लागु गरिनेछ।

२) नगरपालिकाभित्र रहेका सबै विज्ञापन सामग्रीहरूको लगत तयारी गरी सम्भाव्यता अध्ययनपछि न्यूनतम ठेक्का रकम निर्धारण गरिनेछ।

३) कवाडी व्यवसायलाई व्यवसाय करको दायरामा समेटी यसको न्यूनतम ठेक्का रकम निर्धारण गरिनेछ।

४) साना सवारी साधनहरूको लगत सङ्कलन गरी कर दायरामा ल्याइनेछ।

५) नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरू तथा बजार क्षेत्रमा करबाट सङ्कलन भएको रकम कुन शीर्षकमा खर्च भएको हो भन्ने विवरण समावेश गरी फ्लेक्स प्रिन्ट तयार पारेर सूचना टाँस गरिनेछ।

६) नगरपालिकाको आम्दानी तथा खर्च (विशेष गरी आन्तरिक राजस्व तथा यसको उपयोग) नियमित रूपमा सार्वजनिक गरिनेछ।

७) कर सङ्कलनमा हुन सक्ने चुहावट न्यूनिकरण गर्न अनुगमन तथा निरीक्षण प्रणालीलाई अझ प्रभावकारी बनाइनेछ।

८) राजस्व शाखामा कार्यरत कर्मचारीहरू तथा वडा सचिवहरूलाई राजस्व संहिताअनुसार सही रूपमा राजस्व सङ्कलन गर्न आवश्यक तालिम प्रदान गरिनेछ।

९) राजस्व परिचालन सुदृढ बनाउन दरका तुलनामा करको दायरा बढाउँदै नयाँ आम्दानीका स्रोतहरू पहिचान गरिनेछ।

१०) करयोग्य आर्थिक क्रियाकलापलाई कर दायरामा समेट्दै प्रगतिशील, समन्यायिक, पारदर्शी तथा व्यवसायी-मैत्री राजस्व प्रणाली विकास गरिनेछ।

११) निर्धारित समयभित्र कर तिर्ने करदातालाई प्रोत्साहनस्वरूप छुट प्रदान गरिनेछ, र ढिलो तिर्ने करदातामाथि कानुनअनुसार जरिबाना लागु गरिनेछ।

१२) नगरपालिकाभित्र रहेका सबै विज्ञापन सामग्रीहरूको लगत तयारी गरी सम्भाव्यता अध्ययनपछि न्यूनतम ठेक्का रकम निर्धारण गरिनेछ।

## ४.२ राजस्व सुधारका लागि गर्नुपर्ने कार्यको पहिचान

यस अध्ययनको क्रममा सङ्कलन गरिएका तथ्याङ्क एवं सूचनाको अध्ययन तथा विश्लेषण र छलफल कार्यक्रमबाट प्राप्त सुझावको आधारमा पहिचान भएका यस नगरपालिकाको राजस्व सुधारका लागि गर्नुपर्ने प्रमुख कार्यहरू सुझावको रूपमा देहायअनुसार प्रस्तुत गरिएको छः

क) नगर क्षेत्रभित्रका सबै प्रकारका करदातालाई नगरपालिकामा अनिवार्य दर्ता गराई करका आधार (tax base) विस्तार गर्ने।

ख) करदाताले तिर्नुपर्ने वार्षिक कर, म्याद, जरिबाना लाग्ने सम्भावना आदि विवरण SMS वा मोबाइल एपमार्फत सहज रूपमा प्राप्त हुने व्यवस्था गर्ने।

ग) राजस्व शाखामा मानव संसाधन र प्राविधिक क्षमता वृद्धि गरी समयमै कर तिरे/नतिरेको स्थिति अनुगमन गर्ने र नतिर्ने करदातालाई फोनमार्फत जानकारी गराई समयमै तिर्न प्रेरित गर्ने।

घ) जनचेतना कार्यक्रम, सूचना-प्रसार, अभिमुखीकरण तथा सामाजिक सन्देशमार्फत कर तिर्नु विकास-निर्माणका लागि सबैको दायित्व हो भन्ने धारणा निर्माण गर्ने।

ङ) समयमै वा अग्रिम कर तिर्ने करदातालाई सम्मानपत्र, छुट वा प्रोत्साहन प्रदान गर्ने र नियम विपरीत कर नतिर्नेहरूलाई कानुनअनुसार जरिबाना तथा कारबाहीको व्यवस्था कार्यान्वयन गर्ने।

च) वडा कार्यालयका कर्मचारीलाई तालिम, प्राविधिक उपकरण, डिजिटल प्रणाली आदि उपलब्ध गराई करदाताको अभिलेख अद्यावधिक, सही र व्यवस्थित राख्ने।

छ) बैंक तथा वित्तीय संस्थासँग सहकार्य गरी कर सङ्कलनलाई सहज, पारदर्शी र द्रुत बनाउने उद्देश्यले आवश्यक छलफल, सम्झौता तथा प्राविधिक संयन्त्र विकास गर्ने।

ज) पारदर्शिता र जनसुलभता सुनिश्चित गर्न प्रत्येक आर्थिक ऐन तथा राजस्व दर/शुल्क सम्बन्धी निर्णय स्थानीय राजपत्रमा प्रकाशित गर्ने र नगरपालिकाको वेबसाइटमा समेत उपलब्ध गराउने ।

## ४.३ आय सङ्कलनको संस्थागत क्षमता

### क) कार्यकक्ष तथा कार्य स्थलको प्रर्याप्तता

राजस्व उपशाखा र दर्ता चलानी एउटै कोठामा राखेर सञ्चालनमा ल्याइएको छ। यसको लागि प्रशस्त ठाउँ पुगेको छ।

### ख) फर्निचर, कम्प्यूटर, प्रिन्टर, यातायातका साधन तथा अन्य भौतिक सुविधाहरू

यस इकाइमा १ वटा कम्प्युटर, १ वटा प्रिन्टर, र १ वटा स्क्यानर १ वटा टेबल र  १ वटा दराज र १ कुर्चीवटा को व्यवस्था गरिएको छ। यस इकाइमा काम गर्ने कर्मचारीलाई मासिक ४ लीटर इन्धन उपलब्ध गराइदै आइएको छ।

### ग) राजस्व परिचालन सम्बन्धी प्रक्रियागत र प्रशासनिक व्यवस्था

सङ्गठन संरचनामा यस नगरपालिकाले प्रशासन अनुगमन तथा योजना शाखा अन्तर्गत राजस्व उपशाखा गठन गरी राजस्व परिचालनसँग सम्बन्धित सम्पूर्ण कार्यहरू उक्त इकाइ मार्फत् हुँदै आईरहेको छ। राजस्व उपशाखामा कम्प्युटर अपरेटरलाई राजस्व प्रमुखको जिम्मेवारी तोकिएको अवस्था छ। स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल नगरपालिकाको राजस्व परिचालनको प्रशासनिक व्यवस्था देहायअनुसार रहेको छः

- राजस्व उपशाखा तथा उक्त उपशाखाका कर्मचारीले गर्नुपर्ने कामहरूको कार्यविवरण रहेको छैन।
- यस उपशाखामा विगतका आ.व.मा सङ्कलन भएका राजस्व सम्बन्धी तथ्याङ्क, विभिन्न आर्थिक वर्षहरूको राजस्व बजेट, विभिन्न ठेक्का प्रक्रियाका दस्ताबेजहरू, राजस्व परिचालनसँग सम्बन्धित ऐन, कानुन तथा कार्यविधिहरू जस्ता आवश्यक तथ्याङ्क तथा दस्ताबेजहरू व्यवस्थित रूपमा राखिएको छ।
- नगरपालिकाको राजस्व उपशाखा तथा १२ वटै वडा कार्यालयहरूमा उक्त सफ्टवेयर जडान गरी कम्प्युटरको प्रयोग गरी बिल कार्टिदै आएको छ।
- राजस्व सफ्टवेयर सञ्चालन सम्बन्धी वडा कार्यालयका सम्बन्धित कर्मचारीहरू तथा राजस्व उपशाखाका कर्मचारीहरूलाई राजस्व सम्बन्धी ज्ञानको कमी रहेको देखिन्छ।
- सफ्टवेयरमा राजस्वका शीर्षकहरू हाल नेपाल सरकारले व्यवस्था गरेको राजस्व कोड तथा शीर्षकअनुसार पुरा नभएकाले सङ्कलन गरिएको राजस्वका शीर्षकहरू नमिल्दा अन्य करमा रकम काटिने गरेको छ।

नगर कार्यपालिका कार्यालयबाट देहायका शीर्षकमा राजस्व सङ्कलन हुने गरेको छः

- ठेक्का बन्दोवस्त भई सङ्कलन हुने आय
- नक्सा पास दस्तुर
- बोलपत्र बिक्री
- घ वर्गको निर्माण व्यवसाय इजाजत दस्तुर
- स्कुलको सिफारिस तथा अनुमति दस्तुर
- वडा कार्यालयबाट सङ्कलन गर्न नमिल्ने विविध सिफारिस दस्तुरहरू
- दण्ड तथा जरिबाना आदि ।

माथि उल्लेखित बाहेकका निम्नलिखित राजस्व वडा कार्यालयले नै सङ्कलन गर्ने गरेको छः

| | |
|---|---|
| मालपोत | नाता प्रमाणित दस्तुर |
| घटना दर्ता विलम्ब दस्तुर | विद्युत् जडान तथा नामसारी सिफारिस |
| चार किल्ला प्रमाणित | नक्सा पास सिफारिस |
| घरबाटो सिफारिस | कृषि फर्म सिफारिस |
| जग्गा नामसारी सिफारिस | व्यवसाय कर |
| जाति सिफारिस | घरजग्गा बहाल कर |
| आय स्रोत प्रमाणित | डण्ड जरिबाना आदि । |
| कर चुक्ता सिफारिस | |

- राजस्वको अनुमान र यथार्थ सङ्कलन बिचको तालमेल कमी रहेको छ।

- घरले चर्चेको नम्बरी जग्गामा सम्पत्ति कर र त्यसभन्दा बाहेकको जग्गामा मालपोत कर र ऐलानी जग्गा तथा त्यस जग्गामा बनेको घरमा बहाल बिटौरी शुल्क लिनुपर्ने।
- नगरपालिकाले राजस्व परिचालनलाई प्रभावकारी बनाउने उद्देश्यका साथ राजस्व शाखा र १२ वटै वडामा राजस्व सङ्कलन सफ्टवेयरको प्रयोग गरिएको छ।
- वडाबाट सङ्कलन भएको रकम मासिक रूपमा बैंकमा दाखिला गर्ने र राजस्व उपशाखाबाट सङ्कलन गरिने रकम मासिक रुपमा जम्मा हुँदै आएको छ।

### घ) राजस्व सम्बन्धी डाटावेस, राजस्व प्रशासनमा सफ्टवेयर र सोको प्रयोग

राजस्व सङ्कलनका लागि नेपाल सरकारकै शुत्र सफ्टवेयर प्रयोग गरिएको छ। यस सफ्टवेयरमा आर्थिक ऐनमा व्यवस्था गरिएका करका दरहरू प्रविष्ट गरिएका छन्। सबै सेवाग्राहीको विवरण यस सफ्टवेयरमा प्रविष्ट गरिएको छ। कुनै सेवाग्राहीको नामबाट खोजी गरेपछि नीजले तिर्नुपर्ने राजस्व रकम देखा पर्दछ र कम्प्युटर विलिङ्ग प्रणालीबाट रसिद उपलब्ध गराइन्छ । सबै शीर्षकहरू शुत्रमा नदेखिने भएकोले कुनै शीर्षकहरू नगदी रसिद काटिदै आएको पाइन्छ ।

### ङ) कप्यूटर विलिङ्ग प्रणालीको प्रयोग

आर्थिक ऐनमा उल्लेख गरिएका विभिन्न विषयका कर तथा गैर करका दरहरू सफ्टवेयरमा सेट गरिएको छ। कुन शीर्षकको राजस्व हो सोहीअनुसार कम्प्युटरमा प्रविष्ट गर्नासाथ नीजले तिर्नुपर्ने शुल्क देखिन्छ। सबै वडामा यस किसिमको सफ्टवेयरको व्यवस्था गरिएको छ। वडाबाट सङ्कलन नगरिने घर नक्सा पास तथा घ वर्गको इजाजत पत्रका लागि नगरपालिकाको राजस्व उपशाखाबाट सङ्कलन हुने गर्दछ।

### च) नगद सङ्कलन र बैंक दाखिला र अभिलेख व्यवस्थापन

राजस्व सङ्कलनका लागि १२ वटै वडा तथा नगर कार्यपालिकाको कार्यालयबाट सङ्कलन गर्न सकिने व्यवस्था गरिएको छ। वडा कार्यालयहरूबाट सङ्कलित राजस्व अनलाइन प्रविधिबाट बिल काट्ने र उठेको रकम मासिक रुपमा बैंक दाखिला गरी भौचर आर्थिक प्रशासन शाखामा बुझाउने गरिएको छ।

### छ) नगरपालिकाको आन्तरिक आय परिचालन

नगरपालिकाको विगत तीन आर्थिक वर्षको यथार्थ आन्तरिक तथा वाह्य आय, चालु आ.व. २०८२/८३ को अनुमान र मंसिर ७ गते सम्मको सङ्कलित आयलाई तुलनात्मक रूपमा तलको तालिकामा देखाइएको छ। गत ३ आ.व.को यथार्थ आयलाई कम्प्युटरको एक्सलमा प्रविष्ट गरी LOGEST फर्मुलाको प्रयोगबाट वृद्धिदर पत्ता लगाइएको छ। यसबाट नगरपालिकाको आय सङ्कलनको प्रवृति पत्ता लगाइएको छ।

## ४.४ आन्तरिक राजस्व संरचनाको अवस्था

नगरपालिकाको विगत ३ आ.व.को आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त यथार्थ आय तथा वित्तीय हस्तान्तरणबाट प्राप्त हुँने आय र चालु आ.व.को अनुमान र मसिर ७ सम्मसम्मको आयको सारांश तलको तालिकामा देखाइएको छ।

तालिका नं. २४: विगतको तीन आ.व.को यथार्थ र चालु आ.व.को अनुमान र प्राप्तिको अवस्था(रु.०००)

| क्र.सं. | विवरण | २०७९/८० यथार्थ | २०८०/८१ यथार्थ | २०८१/८२ यथार्थ | वृद्धि दर | २०८२/८३ | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अनुमान | मंसिर ७ सम्मको आय |
| क | कर तथा गैर कर राजस्व | **२,३२७** | **२४,१९५** | **४४,६९०** | **५८** | **२,१७,२१५** | **३३,०८१** |
| १ | कर | **१,९३३** | **१०,२२७** | **१०,४७३** | **१३३** | **८,००५** | **६,३०९** |
| ११३१३ | सम्पत्ति कर | १,७१७ | ३,४१२ | ३११५ | ३५ | २,५०० | ६४९ |
| ११३१४ | भूमिकर (मालपोत) | ३४ | ७१ | ७५० | ३७० | १००० | ९९३ |
| ११३२१ | घर बहाल कर | ५७६ | ३,२९५ | १,४४१ | ५८ | १,५०० | १,३३० |
| ११३२२ | बहाल बिटौरी शुल्क | १६४ | ३४ | २०२२ | २५१ | २५०० | १४५६ |
| ११४५१ | सवारी साधन कर | ० | ० | ० | ० | ५ | ० |
| ११४५२ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ४३९ | ० | ० | ० | ० | ० |
| १४६११ | व्यवसाय कर | ३३७ | २,१९९ | २,८६९ | १९२ | ० | १,८०३ |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबार | | | | | ० | ७८ |
| ११६३२ | जडीबुटी कवाडी तथा जीवजन्तु कर | ० | ० | ० | ० | ० | ० |
| ११६९१ | अन्य कर | ३८३ | १२१६ | २७६ | -१५ | ५०० | ० |
| २ | गैर कर | **१,७१७** | **१३,९६८** | **३४,२१७** | **५८** | **२,०९,२१०** | **२६,७७२** |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ० | ० | ० | ० | १०० | ० |
| १४१५७ | ढुङ्गा, गिट्टी, बालुवा बिक्री | ० | ० | ३०००० | ० | २०४००० | २२३२१ |
| १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | | | | | ० | २४५० |
| १४२१२ | सरकारी सम्पत्ति बिक्रीबाट प्राप्त रकम | ० | ० | ० | ० | १०० | ० |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ० | ० | ० | ० | १० | ० |
| १४२१६ | निजी धारा बापतको महशुल | ० | ० | ० | ० | ० | ० |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ८८,८२३ | ११,३२० | ० | ० | २,५०० | २० |
| १४२१९ | फोहरमैला व्यवस्थापन सेवा शुल्क | ० | ० | ० | ० | ० | ० |

| क.सं. | विवरण | २०७९/८० यथार्थ | २०८०/८१ यथार्थ | २०८१/८२ यथार्थ | वृद्धि दर | २०८२/८३ | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अनुमान | मंसिर ७ सम्मको आय |
| १४२२१ | न्यायिक दस्तुर | ४६ | १० | २ | -७९ | १० | ३ |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ० | ६७ | ८ | ० | २० | ० |
| १४२२४ | परीक्षा शुल्क | | | | | ० | ५ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क (सम्पत्ति मूल्याङ्कन सेवा शुल्क आदि) | ५६१५ | ० | २०१ | ० | २०० | ६७ |
| १४२४१ | पार्किङ शुल्क | ० | ४२ | ० | ० | १०० | ० |
| १४२४२ | नक्सापास दस्तुर | ३१८ | ० | ७२२ | ० | ५०० | ४५ |
| १४२४३ | सिफारिस दस्तुर | २३८ | ० | ४७० | ० | ५०० | ४४९ |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १६६ | ० | ५२४ | ० | ३०० | २२३ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | २१ | ५२ | ४२ | ४१ | १०० | ४८ |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत आदि) | ३,६८२ | १,६८७ | १,३०८ | -४० | ५०० | ५२८ |
| १४२५३ | व्यवसाय रजिस्ट्रेसन दस्तुर | ५०६ | ७८५ | ० | ० | १०० | १५४ |
| १४२९१ | पर्यटन शुल्क | ० | ० | ० | ० | ० | ० |
| १४३११ | न्यायिक दण्ड, जरिबाना र जफत | ० | १ | ० | ० | २० | १ |
| १४३१२ | प्रशासनिक दण्ड, जरिबाना र जफत | ० | ४ | १७० | ० | १०० | ८१ |
| १४५२९ | अन्य राजस्व | ० | ० | ७७० | ० | ५० | ३७७ |
| ख. | राजस्व बाँडफाँट | १,०३,९३५ | ८३,०८५ | १,२९,६३० | १२ | १,४५,०९८ | ३१,५९३ |
| *ख. १* | नेपाल सरकार | ८१,०१३ | ६६,९५१ | १,०१,३४३ | १२ | १,१०,८२३ | ३१,५९३ |
| १४१५३ | बाँडफाँट भई प्राप्त वन रोयल्टी | ३४२ | ० | ३७७ | ० | ७०० | ० |
| १४१५५ | बाँडफाँटबाट प्राप्त हुने जलस्रोत रोयल्टी | ० | ० | ० | ० | ० | ० |
| १४१५६ | बाँडफाँटबाट प्राप्त हुने अन्य रोयल्टी | ० | ५००० | ० | ० | ० | ० |
| १४४११ | बाँडफाँट भई प्राप्त हुने मू.अ.कर | ५८,५३९ | ६१,९५१ | ७०,५२१ | १० | ८२,५९२ | १८,४२१ |

| क्र.सं. | विवरण | २०७९/८० यथार्थ | २०८०/८१ यथार्थ | २०८१/८२ यथार्थ | वृद्धि दर | २०८२/८३ | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अनुमान | मंसिर ७ सम्मको आय |
| १४४२१ | बाँडफाँट भई प्राप्त हुने अन्तःशुल्क | २२,१३२ | ० | ३०,४४५ | ० | २७५३१ | १३१७२ |
| *ख.२* | प्रदेश सरकार | **२२,९२२** | **१६,१३४** | **२८,२८७** | ११ | **३४,२७५** | **०** |
| ११३१५ | घरजग्गा रजिस्ट्रेसन दस्तुर | ८,९०३ | १२,७९२ | १३,८९० | २५ | १५,००० | ० |
| ११४५६ | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १४०१९ | ३,३४२ | १४,३९७ | १ | ९,२७५ | ० |
| ११४७१ | बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर | ० | ० | ० | ० | १०००० | ० |
| ११४७२ | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | ० | ० | ० | ० | ० | ० |
| ग. | अनुदान तथा वित्तीय हस्तान्तरण | **४,७७,५१९** | **३,३१,३९८** | **४,२७,३०६** | -५ | **५,८५,६५१** | **५०,७१३** |
| *ग.१* | नेपाल सरकार | **४,०२,३१६** | **३,१८,२७३** | **४,०५,०२०** | ० | **३,२७,१००** | **४८,५७५** |
| १३३११ | समानीकरण अनुदान | १,३१,९९८ | १,१५,९७१ | १,१४,८८४ | -७ | १,२४,१०० | ० |
| १३३१२ | सशर्त अनुदान चालु | १,९१,३६८ | १,५९,६०८ | १,६४,३०४ | -७ | १,८१,३०० | ४५,३२५ |
| १३३१३ | सशर्त अनुदान पुँजीगत | ३८९५० | १५१९४ | ५०,८४९ | १४ | १३,००० | ३,२५० |
| १३३१४ | विशेष अनुदान चालु | ० | ० | ० | ० | ० | ० |
| १३३१५ | विशेष अनुदान पुँजीगत | ३०००० | २०००० | ७४९८३ | ५८ | ८,७०० | ० |
| १३३१६ | समपूरक अनुदान चालु | ० | ० | ० | ० | ० | ० |
| १३३१७ | समपूरक अनुदान पुँजीगत | १०००० | ७५०० | ० | ० | ० | ० |
| १३३१९ | अन्य अनुदान पुँजीगत | ० | ० | ० | ० | ० | ० |
| *ग.२* | प्रदेश सरकार | **७५,२०३** | **१३,१२५** | **२२,२८६** | -४६ | **१,५८,५५१** | **२,१३८** |
| १३३११ | समानीकरण अनुदान | १०,२७८ | ९,१२६ | ९,०८४ | -६ | ८,५५१ | २,१३८ |
| १३३१२ | सशर्त अनुदान चालु | ० | ० | ० | ० | ० | ० |
| १३३१३ | सशर्त अनुदान पुँजीगत | ६०,००० | ० | ८,९६५ | ० | २०००० | ० |
| १३३१४ | विशेष अनुदान चालु | २,९२५ | १९९९ | ० | ० | ० | ० |
| १३३१५ | विशेष अनुदान पुँजीगत | ० | ० | २२३७ | ० | ८०००० | ० |

| क्र.सं. | विवरण | २०७९/८० यथार्थ | २०८०/८१ यथार्थ | २०८१/८२ यथार्थ | वृद्धि दर | २०८२/८३ | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अनुमान | मंसिर ७ सम्मको आय |
| १३३१६ | समपूरक अनुदान चालु | ० | २,००० | २००० | ० | ० | ० |
| १३३१७ | समपूरक अनुदान पुँजीगत | २००० | ० | ० | ० | ५०००० | ० |
| १३३१८ | अन्य अनुदान चालु | ० | ० | ० | ० | ० | ० |
| १३३१९ | अन्य अनुदान पुँजीगत | ० | ० | ० | ० | ० | ० |
| *ग.३* | अन्य आन्तरिक अनुदान | ० | ० | ० | ० | १,००,००० | ० |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | ० | ० | ० | ० | ० | ० |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | ० | ० | ० | ० | १००००० | ० |
| कुल जम्मा | | ५,८४,७८० | ४,३८,६७८ | ६,०१,६२६ | -६ | ९,४७,९६४ | १,१५,३८७ |

## ४.५ आन्तरिक राजस्व संरचनाको अवस्था

नगरपालिकाको विगत ३ आ.व.को आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त यथार्थ आय तथा वित्तीय हस्तान्तरणबाट प्राप्त हुँने आय र चालु आ.व.को अनुमान र मंसिर ७ गते सम्मको आयको सारांश तलको तालिकामा देखाइएको छ।

तालिका नं. २५: कुल राजस्वमा शीर्षकगत योगदान (रु. हजारमा)

| आय शीर्षक | २०७९/८० को यथार्थ आय | २०८०/८१ को यथार्थ आय | २०८१/८२ को यथार्थ आय | वृद्धि दर | आ.व.२०८२/८३ को अनुमान तथा प्राप्ति | |
|---|---|---|---|---|---|---|
| | | | | | अनुमान | मंसिर ७ सम्मको आय |
| **आन्तरिक आय** | २,३२७ | २४,१९५ | ४४,६९० | ५८ | २,१७,२१५ | **३३,०८१** |
| **राजस्व बाँडफाँट** | १,०३,९३५ | ८३,०८५ | १,२९,६३० | १२ | १,४५,०९८ | **३१,५९३** |
| **अनुदान** | ४,७७,५१९ | ३,३१,३९८ | ४,२७,३०६ | -५ | ५,८५,६५१ | **५०,७१३** |
| **कुल आय** | ५,८४,७८० | ४,३८,६७८ | ६,०१,६२६ | -५ | ९,४७,९६४ | **१,१५,३८७** |

## ४.६ राजस्व परिचालनमा रहेका सवालहरू

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ तथा नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेख गरिएका एकल तथा साझा अधिकार सम्बन्धी व्यवस्थाको विपरीत बनेका मापदण्ड तथा ऐनमा गरिएका राजस्व परिचालन सम्बन्धी  सवालहरू तपसिल बमोजिम रहेका छन्।

### क) घर जग्गा बहाल कर:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ अनुसार संस्थागत र व्यक्तिगत घरजग्गा बहाल कर पूर्ण रूपमा स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्दछ। तर व्यवहारमा संस्थागत बहाल कर आन्तरिक राजस्व कार्यालयले उठाई सङ्घीय सञ्चित कोषमा जमा गर्दै आएको छ, जसले स्थानीय तहको एकल अधिकारमा सङ्घीय अतिक्रमण देखिन्छ। तसर्थ, सङ्घीय सरकारले स्थानीय तहलाई घरजग्गा बहाल कर स्वयं सङ्कलन र उपयोग गर्न सहजीकरण गर्नु आवश्यक छ। त्यसै गरी, गा.वि.स. कालदेखि विद्यालयहरूले उठाउँदै आएको भाडा रकम हालसम्म पनि विद्यालयकै खातामा जम्मा हुँदै आएको र नगरपालिकाले यसबाट बहाल कर प्राप्त नगरेको विषय पनि समाधान गरिनुपर्ने छ।

### ख) स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ दाउरा, जराजुरी, दहत्तर-बहत्तर आदिको बिक्री

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क मा स्थानीय सरकारहरूले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठदाउरा, जराजुरी, दहत्तर-बहत्तर आदिको बिक्री गर्ने र बिक्रीबाट प्राप्त रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्ने गरी एकल अधिकारका रूपमा कानुनी व्यवस्था गरेको छ।

तर, प्रधानमन्त्री कार्यालयले जारी गरेको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले यस सम्बन्धमा उक्त नदीजन्य तथा निर्माणमुखी वस्तुहरू ढुङ्गा, गिट्टी, बालुवाको बिक्रीबाट प्राप्त राजस्व स्थानीय विभाज्य कोषमा राखी सोमध्ये ४० प्रतिशत रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ।

यसरी हेर्दा मापदण्डको प्रावधान र मापदण्डका आधारमा बनेका प्रदेश आर्थिक ऐनहरू स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सँग बाझिन गएकोले यस विषयलाई गम्भीरताका साथ लिन जरुरी छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सँग प्रदेश ऐनहरू र मापदण्ड बाझिन गएको हुँदा कार्यान्वयनमा समस्या देखिएको छ। यदि नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त राजस्व स्थानीय र प्रदेश सरकारका बिचमा बाँडफाँट गर्नुपर्ने नै हो भने स्थानीय सरकार सञ्चालन ऐनमा सोअनुरूप संशोधन गर्न आवश्यक देखिन्छ।

#### १) सवारी साधन कर

प्रदेश र स्थानीय सरकारका बिचमा साझा अधिकारको प्रयोग गर्ने विषयमा समेत केही अन्योलता रहेको देखिन्छ। जसमध्ये प्रदेश र स्थानीय तहको साझा अधिकारका रूपमा रहेको सबैभन्दा महत्त्वपूर्ण कर भनेको सवारी साधन कर हो। यस सम्बन्धमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सवारी साधन करको दर निर्धारण र सङ्कलन प्रदेश सरकारले गर्ने र सोबापत असुली भएको राजस्वमध्ये ६० प्रतिशत प्रदेश र ४० प्रतिशत स्थानीय तहका बिचमा बाँडफाँट गर्ने व्यवस्था रहेको छ।

तर, व्यवहारमा प्रदेश सरकारहरूले सवारी साधन अनुमति पत्र तथा आवेदन दस्तुर, सवारी साधन दर्ता र सरुवा दर्ता दस्तुर, सवारी साधन सरुवा सहमति दस्तुर, सवारी साधन नामसारी गर्दा गरिने सनाखत दस्तुर, सवारी साधनको अस्थायी दर्ता दस्तुर, विदेशमा दर्ता भएका सवारी साधन चलाउने अनुमति पत्र दस्तुर, सवारी साधनको दर्ता प्रमाणपत्र नवीकरण दस्तुर आदिबाट प्राप्त राजस्व प्रदेश विभाज्य कोषमा नराखी प्रदेश सञ्चित कोषमा राख्ने गरी प्रदेश आर्थिक ऐन तर्जुमा गरी सोही अनुसार कार्यान्वयन गर्दै आएको देखिएको छ।

### २) घरजग्गा रजिस्ट्रेसन शुल्क

प्रदेश र स्थानीय तहबिचको अर्को महत्त्वपूर्ण साझा अधिकारका रूपमा रहेको घरजग्गा रजिस्ट्रेसन शुल्क हो। यस सम्बन्धमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को एकल कर प्रशासन सम्बन्धी प्रावधान अनुसार दर निर्धारण प्रदेश सरकारले गर्ने र राजस्व सङ्कलन तथा बाँडफाँट स्थानीय सरकारले गर्ने व्यवस्था गरेको छ। स्थानीय सरकारको आफ्नो छुट्टै प्रशासन नभएकोले हाललाई सङ्घीय सरकारको अन्तर्गत रहेको नापी तथा मालपोत कार्यालयबाट राजस्व सङ्कलन हुँदै आएको छ। तर, यस शीर्षक अन्तर्गत सङ्कलन भएको सबै राजस्व विभाज्य कोषमा दाखिला गरी प्रदेश र स्थानीय सरकारका बिचमा बाँडफाँट भएको देखिँदैन।

### ३) बहाल बिटौरी शुल्क

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ अनुसार नगरपालिका वा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण, रेखदेख या सञ्चालन गरेका हाटबजार, पसल तथा सरकारी जग्गामा बनेका संरचना उपयोग बापत बहाल-बिटौरी शुल्क लिनसक्छ। सोही व्यवस्था अनुसार ऐलानी जग्गामा बसोबास गर्नेहरूसँग पनि यो शुल्क उठाउन नगरपालिकाले पूर्ण अधिकार पाउँछ।

नगरपालिकाको वडा नं. ८ स्थित सोल्टी बजारमा हप्तामा दुई दिन (बुधबार र शनिबार) हाटबजार लाग्ने गर्दछ। यो बजार क्षेत्र कित्ता नं. ३८ मा दर्ता भई २ बिघा १७ कठ्ठा जग्गामा फैलिएको छ। नगरपालिकाको स्थापनादेखि २०७८ सम्म यहाँबाट बहाल-बिटौरी शुल्क सङ्कलन हुँदै आएको थियो। पछिल्ला वर्षहरूमा त्यहाँका घर तथा संरचनाबाट शुल्क उठाउने कार्य रोकिएर बुधबार र शनिवार लाग्ने हाटबजार ठेक्का मार्फत उठ्ने शुल्कमा मात्र सीमित गरिएको छ।

यस क्षेत्रको जग्गा लालपूर्जा वितरण नहुँदासम्म बहाल-बिटौरी शुल्क सङ्कलन गर्न सकिने अवस्था हुँदाहुँदै पनि नगरपालिकाले बहाल-बिटौरी शुल्क नउठाउँदा राजस्व गुमिरहेको छ।

# परिच्छेद पाँचः राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको नगरपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ। यस कार्ययोजनालाई नगर कार्यपालिकाबाट स्वीकृत गरी यसमा उल्लेख गरिएका क्रियाकलापहरू सम्पन्न गर्नका लागि आवश्यक बजेटसमेत व्यवस्था गरिएको छ।

## ५.१ राजस्व सुधारका क्षेत्रहरू

राजस्व सुधार कार्ययोजना तर्जुमा गर्दा राजस्व परिचालनसँग सम्बन्धित कमजोरीहरू पहिचान गरी तिनीहरूलाई न्यूनीकरण गर्ने उपायहरू निर्धारित गरिएको छ। साथै, प्रक्षेपित आय र हालसम्म असुल भएको यथार्थ आयलाई शीर्षकगत रूपमा विश्लेषण गरी सुधारका लागि आवश्यक कदमहरू सुझाइएको छ।

### दायराः

राजस्व सुधारका लागि दायरा निर्धारण गर्दा संविधान तथा कानुनले निर्दिष्ट गरेका नगरपालिकाको क्षेत्राधिकारभित्र पर्ने राजस्व शीर्षकहरू मात्र चयन गरिएको छ। नगरपालिकाको क्षेत्राधिकारमा पर्छन् भने पनि, आयभन्दा सङ्कलन तथा परिचालन खर्च बढी देखिएका शीर्षकहरूलाई आय प्रक्षेपणमा समावेश गरिएको छैन। राजस्व दायरा निर्धारण गर्दा करको आधार (सम्पत्ति, आय, वस्तु तथा सेवाको परिमाण, मूल्य र उपयोग) पहिचान गरिएको छ। करदाता, उपभोगकर्ता वा सेवाग्राहीको सङ्ख्या तथ्याङ्क र सरोकारवालासँगको छलफलमार्फत अनुमानित रूपमा पत्ता लगाएर दायरा यकिन गरिएको छ। साथै, आय सङ्कलनमा प्रशासनिक सहजतालाई पनि ध्यानमा राखिएको छ।

### दरः

करदाताको पहिचान तथा दायरा यकिन गरेपछि कर दर निर्धारण गर्दा नगरपालिकाको चालु आ.व.को आर्थिक ऐनको आधारमा दर निर्धारण गरिएको छ। आर्थिक ऐनमा उल्लेखित कर दरहरू विश्लेषण गरी राजस्व शीर्षकअनुसार समान दर, प्रगतिशील वा अनुदारवादी दरमध्ये उपयुक्त दर छनोट गरिएको छ। सम्पत्ति करमा प्रगतिशील करको आधारमा सम्भाव्यता विश्लेषण गरिएको छ। कर दर निर्धारण गर्दा तल उल्लेखित बुँदाहरूमा ध्यान दिइएको छः

१) छिमेकी तथा अन्य प्रदेशका स्थानीय तहका करका दरहरूसँग तुलना गरी सापेक्ष उपयुक्त दर निर्धारण गरिएको छ।

२) नयाँ क्षेत्रमा करको दायरामा समावेश गर्दा प्रारम्भिक रूपमा न्यून दरबाट सुरुवात गरिएको छ।

३) सम्पत्ति करमा प्रगतिशील करको आधारमा सम्भाव्यता विश्लेषण गरिएको छ।

४) असुली कार्यलाई सम्भव बनाउन सेवाको लागत अनुसार शुल्क दर निर्धारण गरिएको छ।

५) करदाताको तिर्ने क्षमता र सुविधाको स्तरलाई ध्यानमा राखेर कर दर निर्धारण गरिएको छ।

६) विगतका आ.व.मा लागु भएका कर तथा शुल्कको दरलाई आधार मानेर राजस्व सम्भाव्यता विश्लेषण गरिएको छ।

७) व्यवसायमा प्रतिकूल असर नपर्ने गरी कर दर निर्धारण गरिएको छ।

८) सेवा तथा दस्तुरको वास्तविक लागतको आधारमा कर दर निर्धारण गरिएको छ।

९) सम्पत्तिको मूल्य र प्रयोगको आधारमा कर दर निर्धारण गरी सम्भाव्यता विश्लेषण गरिएको छ।

**पुँजीगत लगानी र आर्थिक कारोबार व्यवस्थापन:**

करदाताको पहिचान र दायरा निर्धारण गरी करका दरहरू न्यायोचित ढङ्गबाट निर्धारण गरेपछि राजस्व प्रशासनमा सुधार ल्याउन नीतिगत व्यवस्था, सङ्गठन संरचना, भौतिक सुविधा, मानव संसाधन, प्रविधि र सफ्टवेयर तथा सूचना तथा अभिलेख प्रणाली सुधार गर्नुपर्ने हुन्छ। राजस्व सुधारका लागि हरेक तथ्याङ्कको अभिलेख राख्दै राजस्व चुहावट हुन नदिन अनुगमन गर्ने पद्धति पनि सिफारिस गरिएको छ।

## ५.२ राजस्व सुधार कार्ययोजना तर्जुमा

राजस्व सुधार कार्ययोजनामा समावेश क्रियाकलापका लागि बजेट आवश्यक पर्ने भएकाले क्रियाकलाप छनोट गर्दा स्रोतको उपलब्धतालाई ध्यानमा राखिएको छ।बजेटको उपलब्धताअनुसार समय अवधि पनि तय गरिएको छ।नगरपालिकाका सरोकारवालासँगको छलफलबाट तयार पारिएको राजस्व सुधार कार्ययोजना तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. २६: राजस्व सुधार कार्ययोजना

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | आवश्यक बजेट रु.००० | जिम्मेवारी |
|---|---|---|---|---|
| | (क) कर राजस्व | | | |
| **सम्पत्ति कर** | - मालपोत रजिष्ट्रेशनमा तय गरिएको मूल्यको आधारमा सम्पत्ति कर दर निर्धारण गरी सङ्कलन कार्य सहज बनाउन कार्यविधि निर्माण गरी सम्पत्ति कर लागु गर्ने।<br>- सम्पत्ति करदाताको लगत तयार पारी शफ्टवेयरमा अद्यावधिक गर्ने। | आ.व. २०८३ असार मसान्त भित्र | १० | राजस्व शाखा<br>प्राविधिक शाखा<br>राजस्व परामर्श समिति |
| **भूमिकर** | - सम्पत्ति कर सङ्कलनकालागि तय गरिने मूल्याङ्कनकै आधारमा मालपोत सङ्कलन कार्यविधि तयार पारी लागु गर्ने।<br>- मालपोत करदाताको लगत तयार पारी शफ्टवेयरमा अद्यावधिक गर्ने | २०८३ असार मसान्तभित्र | १० | राजस्व शाखा<br>प्रशासन शाखा<br>राजस्व परामर्श समिति |
| **घरजग्गा बहाल कर** | - घरजग्गा बहाल कर सङ्कलन कार्यविधिमा आवश्यक परिमार्जन गर्ने ।<br>- घर तथा जग्गा बहालमा लगाउने घरधनीहरूको लगत सङ्कलन गर्ने। | २०८३ भाद्र मसान्त | १५ | राजस्व परामर्श समिति<br>राजस्व शाखा<br>आर्थिक प्रशासन शाखा |
| **व्यवसाय कर** | नगरपालिका भित्र रहेका | २०८३ मंसिर | १० | प्रमुख प्रशासकीय |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | आवश्यक बजेट रु.००० | जिम्मेवारी |
|---|---|---|---|---|
| | व्यवसायीहरूको स्थलगत दर्ता र नवीकरण अभियान सञ्चालन गरी व्यवसाय करदाताको लगत तयार पार्ने। | मसान्त भित्र | | अधिकृत<br>वडा सचिवहरू<br>राजस्व शाखा |
| | निर्धारित समय भन्दा ढिलो कर तिर्नेलाई जरिबाना तथा छिटो तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने। | प्रत्येक आर्थिक वर्ष भरी नियमित रूपमा | ० | नगरपालिका राजस्व परामर्श समिति<br>राजस्व शाखा |
| | उद्योग वाणिज्य सङ्घ बागमतीका प्रतिनिधिहरूसँग नियमित छलफल र अन्तरक्रिया गर्ने। | निरन्तर | १० | राजस्व परामर्श समिति<br>राजस्व शाखा |
| **विज्ञापन कर** | नगरपालिका क्षेत्रभित्र राखिएका विज्ञापन सामग्रीहरूको यकिन तथ्याङ्क सङ्कलन गरी त्यसको आधारमा आर्थिक ऐनमा दर निर्धारण गर्ने र न्यूनतम ठेक्का अंक तय गर्ने। | आ.व. २०८३ पौष भित्र | १० | राजस्व परामर्श समिति<br>राजस्व शाखा<br>वडा कार्यालयहरू |
| **साना सवारी साधन** | ई-रिक्सा, टाँगा, ठेला आदिको लगत तयार पारी करको दायरामा ल्याउने । | आ.व. २०८३ भदौ भित्र | ० | राजस्व उपशाखा |
| **जडीबुटी कवाडी तथा जीवजन्तु कर** | कवाडी करको सम्भाव्यता अध्ययन गरी यसको ठेक्का अङ्क कायम गर्ने। | आ.व. २०८३ मंसिर भित्र | १० | राजस्व परामर्श समिति<br>राजस्व शाखा |
| **(ख) गैरकर राजस्व** | | | | |
| **नक्सा पास दस्तुर** | ग्रामीण क्षेत्र लगायत बजारी क्षेत्रमा नक्सा पास अनिवार्य गराइ भवन निर्माण मापदण्ड जारी गर्नुभन्दा पहिले निर्माण गरिएका घरहरूको मात्र अभिलेखीकरण गर्ने। | आ.व. २०८३/८४ देखि शुरू | ० | राजस्व परामर्श समिति<br>प्राविधिक शाखा<br>नगर कार्यपालिका |
| **(ग) राजस्व प्रशासन** | | | | |
| **राजस्व सङ्कलन तथा अभिलेख** | राजस्वका सबै क्षेत्र समेट्ने गरी सफ्टवेयरमा करका दर अद्यावधिक गर्ने। | आ.व. २०८३ मंसिर भित्र | १० | नगर कार्यपालिका<br>राजस्व शाखा |
| **सूचना तथा पारदर्शिता** | - स्थानीय सञ्चार माध्यमको अधिकतम् प्रयोग गरी करदाताहरूलाई कर तिर्न सुसूचित गर्ने।<br>- नगर कार्यपालिकाको कार्यालय र | आ.व. २०८३ श्रावण भित्र | १० | नगर कार्यपालिका<br>प्रमुख प्रशासकीय अधिकृत<br>आर्थिक प्रशासन शाखा |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | आवश्यक बजेट रु.००० | जिम्मेवारी |
|---|---|---|---|---|
| | वडा कार्यालयहरू र बजार क्षेत्रमा करबाट सङ्कलन भएको रकम खर्च हुने शीर्षक समावेश गरी फ्लेक्स प्रिन्ट बनाई टाँस्ने। | | | राजस्व शाखा<br>वडा सचिवहरू |
| **अनुगमन** | - वडा कार्यालयहरूबाट सङ्कलन भएको राजस्व बढीमा एक हप्ताभित्र बैंकमा जममा गरी बैंक भौचर राजस्व उपशाखामा बुझाउने व्यवस्था मिलाउने।<br>- कर सङ्कलनमा हुन सक्ने चुहावटलाई ध्यानमा राखी अनुगमनलाई थप प्रभावकारी बनाउने। | मासिक रूपमा | २० | राजस्व परामर्श समिति<br>राजस्व शाखा |
| **करदाता तथा कर्मचारी प्रोत्साहन कार्यक्रम** | - बढी कर तिर्ने वा अन्य किसिमका उत्कृष्ट करदातालाई सम्मान गर्ने<br>- कार्यसम्पादन मूल्याङ्कनको आधारमा कर्मचारीहरूलाई पुरस्कृत गर्ने। | - | १५ | नगर कार्यपालिका<br>प्रमुख प्रशासकीय अधिकृत |
| **सूचना प्रविधिको उपयोग** | - राजस्व शाखामा कार्यरत कर्मचारीहरू र वडा सचिवहरूलाई राजस्व सङ्केतअनुसार राजस्व सङ्कलन गर्न आवश्यक तालिम उपलब्ध गराउने | - | ६० | राजस्व उपशाखा<br>सफ्टवेयर प्रदायक संस्था |
| | जम्मा | | १९० | |

*स्रोतः नगरपालिकास्तरीय कार्यशाला, २०८२*

## ५.३ बजेट अनुमान

राजस्व सुधार कार्ययोजनामा समावेश क्रियाकलापमध्ये केही कार्यालयको दैनिक सञ्चालनसँग समायोजित गर्न सकिन्छ भने केही क्रियाकलाप नगरपालिकाको दैनिक कार्य सूचीमा पर्दैनन्। दैनिक कार्यमा नपरेका यी क्रियाकलाप अतिरिक्त भार हुने भएकाले तिनका लागि बजेटको व्यवस्था गरिएको छ।यस कार्ययोजना अनुसार सिफारिस गरिएका क्रियाकलाप सम्पन्न गर्न अनुमानित रूपमा रु.१ लाख ९० हजारको बजेट आवश्यक पर्ने अनुमान गरिएको छ।

# परिच्छेद छः आगामी तीन वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा आगामी तीन आर्थिक वर्षका लागि नगरपालिकाको राजस्व प्रक्षेपण प्रस्तुत गरिएको छ। राजस्व प्रक्षेपण महालेखा परीक्षकद्वारा स्वीकृत 'एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ (संशोधनसहित)÷मा उल्लेखित शीर्षक तथा राजस्व सङ्केतको आधारमा गरिएको छ। नगरपालिकाको राजस्व अधिकार, हालको आय सङ्कलन अवस्था र राजस्व सुधार कार्ययोजना कार्यान्वयनपश्चात् आय सङ्कलनमा पार्ने प्रभावलाई ध्यानमा राख्दै आगामी तीन वर्षका लागि आय प्रक्षेपण तयार गरिएको छ। यस प्रक्षेपणले नगरपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग गर्नेछ।

## ६.१ राजस्व प्रक्षेपणका विधिहरू

राजस्व सुधार कार्ययोजना तर्जुमा पश्चात सोको कार्यान्वयनबाट स्थानीय तहको राजस्व सङ्कलनमा पर्ने प्रभावको समेत विश्लेषण गरी आगामी तीन आ.व.मा प्राप्त हुने राजस्वको प्रक्षेपण गरिएको छ। राजस्वको प्रक्षेपण गर्दा राजस्वका स्रोतहरूलाई एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या,२०७४(संशोधनसहित) मा तोकिएको राजस्व सङ्केतसमेत उल्लेख गरिएको छ। आय प्रक्षेपण गर्दा तथ्याङ्क विश्लेषणसमेतका आधारमा सकेसम्म वास्तविकतासँग मेल खाने गरी गरिएको छ। राजस्व प्रक्षेपणको लागि तपसिलमा उल्लेखित विधिहरूमध्ये राजस्वका स्रोतको उपलब्ध सूचनाको आधारमा कुनै एक विधि प्रयोगमा ल्याइएको छः

क) **तथ्याङ्कीय आधारः** करदाताको सङ्ख्या, करको दर र विद्यमान दायरा सम्बन्धी सूचना उपलब्ध भएको शीर्षकमा करदाता सङ्ख्या × करको औसत दर × दायरामा ल्याउन सक्ने प्रतिशतबाट प्रक्षेपण गरिएको छ। जस्तैः सम्पत्ति कर, भूमिकर, व्यवसाय कर, घरजग्गा बहाल कर आदि ।

ख) **विगतको राजस्व वृद्धिदरको आधारः** करदाता सङ्ख्या यकिन गर्न नसकिने र समयानुकूल करका दर परिमार्जन हुँदै आएका स्रोतहरूमा विगतको राजस्वको वृद्धिदरलाई आधारमा प्रक्षेपण गरिएको छ। यदि नगरपालिकाको राजस्वका दर परिवर्तन गर्ने योजना भएमा स्रोतको प्रक्षेपण गर्दा सो विषयलाई पनि ध्यानमा दिइएको छ। जस्तैः सिफारिस तथा प्रमाणित दस्तुर आदि ।

ग) सम्झौताको आधारः कुनै शीर्षकमा आम्दानी प्राप्त हुने गरी ठेक्का सम्झौता भइसकेका शीर्षकमा सो बमोजिम नै हुने गरी राजस्व प्रक्षेपण गरिएको छ। जस्तैः बहाल बिटौरी शुल्क, पार्किङ शुल्क, बगैचाका आँप बिक्री, आदि।

घ) **लमसम वृद्धिदरः** नगरपालिकासँग तथ्याङ्क नभएका र विगतका आ.व.मा आय सङ्कलनका लागि सम्झौता पनि नभएका स्रोतहरूको हकमा र विगतको राजस्व प्राप्तिको अवस्था विश्लेषण गरी मूल्यवृद्धि तथा जनसङ्ख्या वृद्धिको योग करिब १० प्रतिशत भएकाले सोको आधारमा गत आ.व.मा प्राप्त भएको आयमा १० प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान गरिएको छ। उदाहरणः नेपाल सरकार, प्रदेश सरकार तथा अन्य सङ्घसंस्थाबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँट आदि।

ङ) **अनुमानः** आय सङ्कलन गर्नका लागि कुनै प्रकारको सूचना नभएको र नगरपालिकाका लागि बिलकुलै नयाँ स्रोतको हकमा सरोकारवालाहरूसँग गरिएको छलफलको आधारमा तथ्याङ्क

अनुमान गरी राजस्वका दर प्रस्ताव गरी प्रक्षेपण गरिएको छ। उदाहरणः विज्ञापन कर ।

च) **शून्य प्रक्षेपणः** विगतको ३ आ.व.मा बाह्य अनुदानबाट प्राप्त नभएका शीर्षक तथा नगरपालिकाले आय सङ्कलन नगरेका र आगामी आ.व.मा पनि नगरपालिकाले आय अनुमान नगरेका र सङ्कलन गर्न सकिने कुनै सम्भावना नदेखिएका आयका शीर्षकहरूमा आय प्रक्षेपण गरिएको छैन। जस्तैःफोहरमैला व्यवस्थापन शुल्क ।

## ६.२ राजस्व सङ्कलनमा पर्ने असरको प्रारम्भिक आकलन

यस अध्ययनको क्रममा पहिचान गरिएका राजस्व शीर्षकहरूको दायरा विस्तार गर्दा नगरपालिकाको आन्तरिक आयमा उल्लेखनीय प्रभाव पर्ने देखिन्छ। विगतका आ.व.मा दायरामा नपरेका राजस्व शीर्षकहरूलाई कर दायरामा समावेश गर्दा राजस्वमा उल्लेखनीय वृद्धि हुने अनुमान गरिएको छ। आगामी आ.व.मा आन्तरिक आय वृद्धिमा प्रमुख प्रभाव पार्ने शीर्षकहरूको विश्लेषण तलको तपसिलमा प्रस्तुत गरिएको छ।

### क) व्यवसाय करः

व्यवसाय करको सुरुवात यस नगरपालिकाले गर्दै आएको छ। नगरपालिकाको अधिकांश भाग गाउँले भरिएको यस नगरपालिकामा आउँदा दिनमा बाटोघाटो लगायत अन्य पूर्वाधारको विकासले नगरपालिकाको ग्रामीण क्षेत्रमा पनि विभिन्न किसिमका व्यवसायहरूको सुरुवात हुँदै गएको पाइन्छ। सबै व्यवसायीहरूलाई करको दायरामा ल्याउँन स्थलगत दर्ता र नवीकरण अभियान सञ्चालन गर्दा व्यवसायीहरूको सङ्ख्यामा उल्लेख्य मात्रामा वृद्धि भइ व्यवसाय कर उल्लेख्य मात्रामा वृद्धि हुने अनुमान गरिएको छ।

### ख) घरजग्गा बहाल करः

यस नगरपालिकामा घरजग्गा बहाल कर विगतका आ.व.मा पनि सङ्कलन भई आएको छ। यो कर बढी मात्रामा व्यावसायिक प्रयोजन तथा संस्थागत रूपमा भाडामा दिने घरधनीबाट प्राप्त गरिँदै आएको छ। बहालमा लगाइएका सम्पत्तिको विस्तृत लगत सङ्कलन गरी घर तथा संरचनाको प्रकार, स्थान, आकार र अवस्था अनुसार प्रति वर्गफुटका आधारमा न्यूनतम बहाल मूल्य निर्धारण गर्ने कार्यविधि तयार गरी कर सङ्कलन गर्दा बहाल करमा उल्लेख्य मात्रामा वृद्धि हुनेछ।

### ग) नक्सा पास दस्तुरः

यस नगरपालिकामा बाटोघाटो लगायत अन्य पूर्वाधारको विकास सँगै पक्की घर तथा भवनहरूको निर्माण हुँदै गएको पाइन्छ । बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ अनुसार घर नक्सा पासलाई अनिवार्य गरी नगरपालिकाबाट अनुमति नलिई निर्माण गरिएका घरहरूको अभिलेखीकरण गर्दा यस शीर्षकमा उल्लेख्य मात्रामा आय आर्जन हुने सम्भावना रहेको छ।

### घ) सम्पत्ति करः

यस नगरपालिकामा विगतका वर्षहरूमा एकीकृत सम्पत्ति कर मात्र सङ्कलन गरिदै आएकोमा गत आ.व. बाट मात्र सम्पत्ति कर र मालपोत अलग अलग गरिएकोमा आगामी वर्षमा कार्यविधि बनाई लगत तयार पारी सम्पत्ति कर सङ्कलन गर्दा आन्तरिक आयमा उल्लेख्य मात्रामा वृद्धि हुने आङ्कलन गरिएको छ।

### ङ) विज्ञापन कर

यस नगरपालिकामा विगतका आ.व.मा विज्ञापन करबाट रकम सङ्कलन नभएकोमा आगामी वर्षहरूमा यसलाई पनि दायरामा ल्याउँदा आन्तरिक आयमा उल्लेख्य मात्रामा वृद्धि हुने आङ्कलन गरिएको छ।

## ६.३ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनामा उल्लेख गरिएका क्रियाकलापहरूको कार्यान्वयन पश्चात् आगामी तीन वर्ष (आ.व.२०८३/८४ देखि २०८५/८६) का लागि राजस्व प्रक्षेपणका आधारहरू प्रस्तुत गरिएको छ। राजस्वको प्रक्षेपण गर्दा विगतका ३ आ.व. को राजस्व वृद्धिदर, चालु आ.व.मा गरिएको अनुमान र चालु आ.व.को मंसिर ७ गते सम्म सङ्कलन भएको आयका आधारमा गरिएको छ। गत आ.व.मा नसमेटिएका आयका शीर्षकहरूको हकमा राजस्व सुधार कार्ययोजनामा उल्लेख गरिएका क्रियाकलापको आधारमा तथ्याङ्कमा आधारित भएर गरिएको छ। स्थानीय तहको आय वृद्धिदर कम्तीमा पनि मूल्यवृद्धि, जनसङ्ख्या वृद्धि र सेवाग्राहीको सङ्ख्यामा हुने वृद्धिसँग मिल्दोजुल्दो हुने गरी गर्दा कम्तीमा १० प्रतिशत हुने गरी गरिएको छ। आय प्रक्षेपणका आधारहरूलाई शीर्षकगत रूपमा देहायअनुसार व्याख्या गरिएको छ।

तालिका नं. २७: आगामी आ.व.हरूका लागि राजस्व प्रक्षेपणका आधारहरू (रु. हजारमा)

| राजस्व संकेत | राजस्व शीर्षक | २०८२/८३ कुल सम्भाव्यता | आगामी आ.व.हरूको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| क. | आन्तरिक आय तर्फ | २९५०६० | |
| ११३१३ | सम्पत्ति कर | ५०७३३ | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ५० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३१४ | भूमिकर (मालपोत) | ५७६९ | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३२१ | घर बहाल कर | १७९० | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३२२ | बहाल बिटौरी शुल्क | ४६३१३ | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११४५१ | सवारी साधन कर | ८० | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ९५ प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११४५२ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ० | अनुमान नगरिएको |
| १४६११ | व्यवसाय कर | १००० | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ९५ प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | ६० | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ९५ प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |

| राजस्व संकेत | राजस्व शीर्षक | २०८२/८३ कुल सम्भाव्यता | आगामी आ.व.हरूको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| ११६३२ | जडीबुटी कवाडी तथा जीवजन्तु कर | ३०० | आ.व. २०८३/८४ मा कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११६९१ | अन्य कर | ३०० | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२५३ | व्यवसाय रजिस्ट्रेसन दस्तुर | ११९५ | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | २०९३८ | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२१२ | सरकारी सम्पत्ति बिक्रीबाट प्राप्त रकम | १०० | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ३० | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२१६ | निजी धारा बापतको महशुल | ० | अनुमान नगरिएको |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ३० | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४१५७ | *ढुङ्गा, गिट्टी, बालुवा बिक्री* | १२०००० | आ.व.२०८३/८४ मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२१९ | *फोहरमैला व्यवस्थापन सेवा शुल्क* | ० | अनुमान नगरिएको |
| १४२२१ | न्यायिक दस्तुर | १० | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | २५ | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क (सम्पत्ति मूल्याङ्कन सेवा शुल्क आदि) | ३०० | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ९५ प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२४१ | पार्किङ शुल्क | ० | अनुमान नगरिएको |
| १४२४२ | नक्सापास दस्तुर | १००७ | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२४३ | सिफारिस दस्तुर | १६९० | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |

| राजस्व संकेत | राजस्व शीर्षक | २०८२/८३ कुल सम्भाव्यता | आगामी आ.व.हरूको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १४० | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा २० प्रतिशतले घट्दै जाने |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ५० | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत आदि) | १४०० | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२९१ | पर्यटन शुल्क | ४१४९४ | आ.व. २०८३/८४ मा कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | ५ | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४३१२ | प्रशासनिक दण्ड, जरिबाना र जफत | २०० | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४५२९ | अन्य राजस्व | १०० | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| **ख.** | **राजस्व बाँडफाँट** | ८००८१ | |
| ***ख. १*** | ***नेपाल सरकार*** | ४९६३६ | |
| १४१५३ | बाँडफाँट भई प्राप्त वन रोयल्टी | ७७० | आ.व. २०८२/८३ का लागि गरिएको अनुमानमा क्रमशः १० प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १४१५५ | बाँडफाँटबाट प्राप्त हुने जलस्रोत रोयल्टी | ० | अनुमान नगरिएको |
| १४१५६ | बाँडफाँटबाट प्राप्त हुने अन्य रोयल्टी | ० | अनुमान नगरिएको |
